


भोजपुर नगरपालिका, भोजपुर

हाम्रो भोजपुर नगरपालिका

asim design

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-३



भोजपुर नगरपालिका,भोजपुर

# हाम्रो भोजपुर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ३

| | | |
|---|---|---|
| विद्यार्थीको नाम | : | ................................................... |
| रोल नं. | : | .................................................. |
| विद्यालयको नाम | : | ..................................................... |

भोजपुर नगरपालिका

भोजपुर

**प्रकाशक** : भोजपुर नगरपालिका, भोजपुर
**सर्वाधिकार** : प्रकाशकमा
**संस्करण** : प्रथम, २०८१
**पेज लेआउट** : दुर्गाप्रसाद बराल
**कभर डिजाइन** : अर्जुन राई

**संरक्षक**
कैलाशकुमार आले
नगर प्रमुख
निर्मला शेर्पा
उपप्रमुख

**सल्लाहकार**
रामप्रसाद ढुङ्गेल
प्रमुख प्रशासकीय अधिकृत
पदमबहादुर प्रधान
शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

**लेखक**
लालकुमार तामाङ
विष्णुकुमार राई
दुर्गाप्रसाद बराल
लक्ष्मण जोशी
रक्तम राई

**भाषा सम्पादन**
विष्णुकुमार राई
रक्तम राई

## हाम्रो भनाइ

पाठ्यक्रम शिक्षण सिकाइको मूल आधार हो । पाठ्यपुस्तक विद्यार्थीमा अपेक्षित दक्षता विकास गर्ने एक मुख्य साधन हो । यस पक्षलाई दृष्टिगत गर्दै भोजपुर नगरपालिकाले वि.स. २०७८ सालमा यस नगरपालिकाका सबै विद्यालयमा लागू हुनेगरी कक्षा १ देखि ८ सम्मका लागि स्थानीय पाठ्यक्रम निर्माण गरिसकेको छ । सो पाठ्यक्रम लागू भएको छ । शिक्षण सिकाइका लागि पाठ्यक्रम नै मूल आधार भए पनि पाठ्यपुस्तकको निर्माण गर्दा थप प्रभावकारी र विद्यार्थीका लागि सजिलो हुने भन्ने अपेक्षा सबैबाट आएकाले नगरपालिकाद्वारा **हाम्रो भोजपुर नगरपालिका स्थानीय पाठ्यपुस्तक कक्षा ३** नामक यो पाठ्यपुस्तक तयार पारिएको छ । बालबालिकाको स्तरअनुरुप तल्ला कक्षाहरूमा सम्बन्धित पुस्तकमै आवश्यक क्रियाकलापहरू गर्न मिल्ने गरी यो पुस्तक निर्माण गरिएकाले यसलाई पाठ्यपुस्तक तथा कार्यपुस्तक दुवैका रुपमा प्रयोग गर्न सकिने छ ।

व्यक्ति, समाज र देशको माग, चाहना र आवश्यकताको आधारमा पाठ्यक्रममा स्थानीय, राष्ट्रिय र विश्वव्यापी विषयवस्तुलाई प्राथमिकता दिइएको हुन्छ । विद्यार्थीमा सक्षमता विकास गर्न, असल व्यवहार कायम गर्न तथा जीवनोपयोगी सिप प्रदान गर्नका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीहरू सिकारुमैत्री, व्यवहारोपयोगी र स्तरीय हुनुपर्दछ ।

नेपालमा संघीय लोकतन्त्रको स्थापनापछि शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई आत्मसात गर्दै स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम विकासको अवधारणालाई सम्बोधन गर्न तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मूल मर्म अनुरूप भोजपुर नगरपालिकाले विद्यालय शिक्षाको आधारभूत तह (कक्षा १–८) का लागि स्थानीय पाठयक्रम **हाम्रो भोजपुर नगरपालिका** शीर्षकमा निर्माण गरेको छ । यस स्थानीय पाठ्यक्रममा भोजपुर नगरपालिकाको आफ्नै मौलिक स्थानीय आवश्यकता र विषयवस्तुलाई समेटेर साच्चिकै वस्तुनिष्ठ स्थानीय पाठ्यक्रमको निर्माण गरेको हो । यसका लागि नगरपलिकाले स्थानीय विज्ञ तथा स्थानीय जनशक्तिको ज्ञानसिपलाई उपयोग गरेको छ । स्थानीय पाठ्यक्रममा स्थानीय भौगालिक परिचय, ऐतिहासिक, साँस्कृतिक, धार्मिक र पर्यटकीय सम्पदा, जातजाति, भाषाभाषी तथा चाडपर्व, आर्थिक क्रियाकलाप र स्थानीय पेसा, व्यवसाय तथा रैथाने प्रविधि, स्थानीय तहको संरचना र विशिष्ट व्यक्तित्व, स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि, बिपद् रोकथाम तथा व्यवस्थापन र स्थानीय नैतिक मूल्य मान्यता जस्ता विषयवस्तुलाई समेटेर कक्षा १-५ मा जम्मा आठ ओटा थिम रहेका छन् । उक्त पाठ्यक्रममा निर्धारण गरिएका तहगत सक्षमता, कक्षागत सिकाइउपलब्धि तथा थिमगत सिकाइउपलब्धिलाई आधारमानी सो उद्देश्य पूरा गर्ने उद्देश्यले तोकिएका थिमगत विभिन्न पाठहरू निर्माण गरी विद्यार्थीको सक्षमता विकास गर्ने उद्देश्यले यो पाठ्यपुस्तक तयार पारिएको छ ।

प्रस्तुत पाठ्यपुस्तकमा थिमअनुसार विभिन्न पाठहरू निर्माण गरिएका छन् । थिम पेजमा सान्दर्भिक छलफल तथा थिमगत सिकाइउपलब्धि उल्लेख गरिएको छ । बालबालिकाको स्तरअनुसार रुचिपूर्ण होस् भनी चित्रात्मक प्रस्तुति, अभ्यासमा विविधता तथा क्रियाकलापमुखी पाठ निर्माण गरिएको छ । पाठ्यपुस्तकमा केही बाल स्केच तथा तस्बिरबाहेक प्रायः ठाउँका सबै फोटाहरू, विषय र सन्दर्भहरू, स्थान र विषयवस्तुहरू स्थानीयतामा आधारित छनोट गर्ने प्रयास भएको छ । पाठ्यपुस्तकका विषयवस्तु छनोट र स्तरणलाई पनि सकेसम्म ख्याल गर्ने प्रयास गरिएको छ । पाठ्यपुस्तक प्रयोगकर्ताले पाठसँग सान्दर्भिक विद्यार्थीका आफ्नै दैनिक जीवनसापेक्ष कक्षा क्रियाकलाप, अभ्यास र परियोजना कार्यहरू अनिवार्य गराएर तोकिएका सक्षमता हासिल गराउनु वाञ्छनीय हुने छ । मिहिनेतसाथ आफ्नो ज्ञान, सिप र दक्षता प्रयोग गर्दै पुस्तकका लागि आवश्यक पर्ने सामग्री आफैँ सम्बन्धित क्षेत्रमा पुगेर सङ्कलन गर्दै पाठ्यपुस्तक निर्माण तथा लेखन गर्ने लेखन समूहलाई विशेष धन्यवाद छ । पाठ्यपुस्तक निर्माणका क्रममा प्रयोग गरिएका र सहयोग लिइएका सूचना, तथ्याङ्क, स्रोत, सुझाव, तस्विर आदिका सर्जक तथा विभिन्न क्षेत्रका महानुभावहरूलाई पनि विशेष धन्यवाद व्यक्त गर्न चाहन्छौँ । यो पाठ्यपुस्तकलाई आवश्यकताका आधारमा समयानुकूल परिमार्जन गर्दै लगिने छ ।

वि.सं. २०८१ भोजपुर नगरपालिका, भोजपुर

# विषय सूची

थिम १ : भौगोलिक परिचय ........................................१

**पाठ १ : मेरो वडाका सिमाना**........................................ २

**पाठ २ : सेरा खोला**........................................ ७

**पाठ ३ : सुन्तले डाँडा र वनजङ्गल**........................................१०

**पाठ : ४ हाम्रा बाटोघाटो र सडकको अवस्था** ........................................१३

थिम २ : ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्थल ........................................१८

**पाठ १ : हाम्रो ऐतिहासिक सम्पदा**........................................१९

**पाठ २ : हाम्रो धार्मिक सम्पदा**........................................ २२

**पाठ ३ : हाम्रो भेषभुषा**........................................ २७

**पाठ ४ : हाम्रो परिकार** ........................................३३

थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व........................................ ४१

**पाठ १ : मेरो कक्षाकोठा** ........................................४२

**पाठ २ : म बोल्न सक्छु** ........................................ ४५

**पाठ ३ : काग, जिराफ र सन्तुको कथा**........................................५२

**पाठ ४ : असारको पन्ध्र आउनै लाग्दा** ........................................ ५८

**पाठ ५ : चङ्गा उडाऔँ** ........................................ ६२

थिम ४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि........................................ ६५

**पाठ १ : स्थानीय नगदे बालीहरू**........................................६६

**पाठ २ : कुमार सरको रोजगारी**........................................ ६९

**पाठ ३ : अन्तर्राष्ट्रिय रोजगारी** ........................................७२

**पाठ ४ : सिलाइकटाइ** ........................................ ७६

**पाठ ५ : बाख्रा पालन, कुखुरा पालन**........................................७९

**पाठ ६ : व्यापार र व्यापारी**........................................८३

थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व ........................................ ८५

**पाठ १ : मेरो स्थानीय तह**........................................................................................८६

**पाठ २ : हाम्रा जनप्रतिनिधिहरूको चिनारी**..............................................................................९०

**पाठ ३ : हाम्रो विद्यालयका उज्ज्वल नक्षत्र**.............................................................................. ९४

थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि...............................................९९

**पाठ १ : हाम्रा स्थानीय पूर्वाधारहरू** ........................................................................... १००

**पाठ २ : सुरक्षित पूर्वाधारको महत्त्व**.............................................................................१०५

**पाठ ३ : विद्यालयमा फोन गरौं**.....................................................................................१०८

थिम ७. प्रकोप तथा बिपद् व्यवस्थापन ........................................................................... ११२

**पाठ १ : बिपद्का कारण र क्षतिबारे बुझौं** ..................................................................११३

**पाठ २ : बिपद् सुरक्षाबारे बुझौं**................................................................................... ११७

थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता ............................................................................. १२१

**पाठ १ : सम्मान गरौं**................................................................................................१२२

**पाठ २ : असल बन्न सिकौं**..........................................................................................१२५

**पाठ ३ :  सफलताको सुत्र**...........................................................................................१२८

# थिम १ : भौगोलिक परिचय









**सिकाइ उपलब्धि :**

- आफ्नो वडा क्षेत्रको सिमाना बताउन
- आफ्नो वडाको सामान्य भौगोलिक अवस्था (खोलानाला, डाँडाकाँडा, बाटो, वनजङ्गल) को वर्णन गर्न

**पाठ्य घण्टा :** १४

# पाठ १ : मेरो वडाका सिमाना

## हेरौँ र चिनौँ :

**यो कुन ठाउँ होला ?**



यी ठाउँहरूका बारेमा तीनओटा फरक बताउनुहोस् ।



## नक्सामा आफ्नो वडा देखाऔँ :









(श्याम खड्का भोजपुर नगरपालिका वडा नं. ४ सिद्धेश्वरमा बस्छ । ऊ कक्षा ३ मा गाउँकै माध्यमिक विद्यालयमा पढ्छ । पढाइका बारेमा उसले घरमा आफ्ना दाजु दिदीसँग गरेको कुराकानी )

दाजु : भाइ, आज विद्यालयमा कुनकुन विषय पढाइ भयो ?

श्याम : दाजु आज विद्यालयमा सबै विषय पढाइ भयो ।



दिदी : स्थानीय विषय चाहिँ कसले पढाउनुहुन्छ नि ?

श्याम : स्थानीय विषय गुरुआमाले पढाउनुहुन्छ ।

दाजु : आज गुरुआमाले स्थानीय विषयको कुन विषयवस्तु पढाउनु भयो ?

श्याम : गुरूआमाले हाम्रो वडा बारेमा पढाउनु भयो ।

दिदी : वडाको बारेमा के के पढाउनु भयो त ?

श्याम : वडाको परिचय र सिमानाबारे त हो ।

दाजु : लु भन त हाम्रो वडाको सिमाना ?

श्याम : हवस्, म भन्छु । हाम्रो घर भोजपुर नगरपालिकाको वडा नम्बर ४ सिद्धेश्वरमा पर्छ । हाम्रो वडाको पूर्वमा वडा नं. ५ बोखिम, पश्चिममा वडा नं. ३ गुप्तेश्वर, उत्तरमा वडा नं. २ हेलौँछा र दक्षिणमा टेम्केमैयुङ गाउँपालिकाको वडा नं. ६ कोट पर्दछ ।



दाजु : धन्यवाद श्याम । राम्रो पढेछौ । सधैँ बुझेर पढ्नु ल ।

दिदी : धन्यवाद भाइ । गृहकार्य पनि होला नि त ?

श्याम : धन्यवाद दाजु, दिदी । तपाइँहरूले आजको पढाइका बारेमा सोधिदिनु भयो, विद्यालयमा पढेको विषयवस्तु अझ सम्झिरहने भइयो । गुरुआमाले भोजपुर नगरपालिकाको नक्सा देखाउँदै पढाउनु भएकोले बुझ्न सजिलो भएको हो ।

बेलुकाको ७:०० बज्न लागेछ, समाचार पनि सुन्नु छ, त्यसपछि गृहकार्य पनि गर्नु छ । कुराकानी यहीँ टुङ्ग्याऔँ है ।


## गीत गाऔं :

पूर्वतिर के पर्छ हाम्रो सिमाना,


पश्चिमको पनि जानी राखौंन ।

उत्तरको सिमाना ख्याल गरौंन,


दक्षिणको सिमाना पनि बुझौंन ।




## श्यामको वडाका सिमाना खाली ठाउँमा भरौं :




## आफ्नो वडाका सिमाना खाली ठाउँमा भरौं :



**तपाईँको वडामा रहेका टोलका नाम अभिभावकको सहयोगमा खाली कोठामा लेख्नुहोस् :**

| | |
|---|---|
| | |
| | |
| | |

**श्याम खड्काले आफ्ना दाजु दिदीसँग गरेको कुराकानी कक्षामा अभिनय गरेर देखाऔँ :**

# पाठ २ : सेरा खोला

## पढौँ र जानौँ :



पूजा प्रधानको घर बोखिम हो । उनको घर नजिकको पश्चिम दिशामा पर्ने खोला सेरा हो । सेरा खोला भोजपुर नगरपालिका वडा नं ४ सिद्धेश्वर र वडा नं ५ बोखिमको बिचमा पर्दछ । सेरा खोलाको पानी सिँचाइका लागि कुलोबाट बोखिम र सिद्धेश्वरमा वितरण गरिएको छ । बोखिम गाउँको मसिने बेँसीमा





सिँचित पानीबाट प्रशस्त धान, गहुँ, तरकारी र फलफूल उत्पादन हुन्छ । साथै सो पानीबाट दावाँका गाउँ, टोलमा सिँचाइको सुविधा पुगेको छ । सिँचाइबाट हिउँदे तथा वर्षे अन्नबाली, तरकारी र फलफूल उत्पादनमा वृद्धि भएको छ ।

सेरा खोलामा प्रसस्त बालुवा र ढुङ्गा पनि पाइन्छ । बालुवा र ढुङ्गा घर, भवन, पुल र सडक निर्माण कार्यमा प्रयोग गरिन्छ । खोलामा बाढीपहिरो पनि आउँछ । खोलामा साना नानीहरू जानु हुँदैन ।

## उत्तर लेखौँ :

(अ) सेरा खोला कहाँ पर्दछ ?

उत्तर :

(आ) सेरा खोलाको पानीले कहाँ कहाँ सिँचाइ गरिएको छ ?

उत्तर :

(इ) खोलाको पानी सिँचाइमा प्रयोग गरेपछि हुने कुनै चारओटा फाइदा लेख्नुहोस् ।

उत्तर :

(ई) खोलामा निर्माणका सामग्री के के पाइन्छन् ?

उत्तर :

(उ) तपाइँको वडामा रहेका खोलालाई कसरी उपयोग गरिएको छ ?

उत्तर :

(ऊ) खोलाका पाँचओटा उपयोगिता लेख्नुहोस् ।

उत्तर :

## ठिक र बेठिक छुट्याऔँ :

(अ) खोलाको पानी सिँचाइ गर्न उपयोग गरिन्छ । (    )

(आ) खोलाको पानीबाट बिजुली निकाल्न सकिन्छ । (    )

(इ) खोलाको पानीमा फोहोर फाले पनि हुन्छ । (    )

(ई) खोलामा बाढी पहिरो पनि आउन सक्छ । (    )

(उ) खोलामा साना नानीहरू जानु हुँदैन । (    )


## परियोजना कार्य :

(अ) घरमा अभिभावकलाई सोधेर तपाइँको वडा, टोलमा भएका खोला र खोल्साको नाम तालिकामा लेखेर ल्याउनुहोस् ।


(आ) घरमा अभिभावकलाई सोधेर तपाईंको वडा, टोलमा भएका खोला र खोल्साको पानीलाई कसरी उपयोग गरिएको छ ? लेखेर ल्याउनुहोस् ।

## रङ भरौँ


(अ)



(आ)



(इ)



# पाठ ३ : सुन्तले डाँडा र वनजङ्गल

## पढौँ र जानौँ :



सुन्तले डाँडा भोजपुर नगरपालिका भित्रको एक सुन्दर, रमणीय, पर्यटकीय तथा आकर्षक स्थल हो । यहाँबाट उत्तर दिशातिर सुन्दर हिमाल देखिन्छन् । पश्चिम दिशामा हेर्दा टेम्केदेखि दावाँ सम्मका सुन्दर गाउँबस्ती देखिन्छन् । यहाँबाट पूर्वतिर हेर्दा विश्वकै होचो स्थानमा रहेको अरूण उपत्यका आसपासका स्थानहरू पनि देखिन्छन् ।



चैत बैशाख महिनामा यस क्षेत्रमा ढकमक्क लालीगुराँस, चाँप, सुनाखरी आदि फूलहरू फुल्ने हुँदा जोसुकैको मन लोभिन्छ । उक्त समयमा घुम्न जाने आन्तरिक र बाह्य पर्यटकको घुइँचो हुन्छ । असोज कात्तिक महिनामा सुगन्धित बुकी फूलले अझ सबैको मनलाई प्रफुल्ल पार्दछ ।



यहाँका वनजङ्गलमा विभिन्न प्रजातिका वनस्पतिहरू जस्तै : रातो जातका कटुस, काफल, सल्ला आदि पाइन्छन् । यहाँ चिराइतो, पाखनवेद, सिमखुदो, मझिटो, पाँचऔँले, नागबेली, चाबो, ठूलोओखतीलगायत अन्य धेरै प्रजातिका जडिबुटीहरू पनि पाइन्छन् । मानिसहरू यहाँ वनभोज खान, घुम्न, चिसो शीतलता लिन तथा दृश्यावलोकन गर्न जान्छन् । उक्त अवसरमा गीत, नाच अनि फोटोसमेत खिचेर मानिसहरू स्मरणीय अनुभव लिएर फर्कने गर्दछन् ।

## उत्तर लेखौं :

(अ) सुन्तले डाँडा कस्तो स्थल हो ?

उत्तर :

(आ) सुन्तलेको पूर्वतर्फ के देख्न सकिन्छ ?

उत्तर :

(इ) सुन्तलेमा फुल्ने कुनै तीनवटा फूलका नाम लेख्नुहोस् ।

उत्तर :

(ई) सुन्तलेमा पाइने जडीबुटीहरूको नाम लेख्नुहोस् ।

उत्तर :

(उ) सुन्तलेमा गएर मानिसहरू केके गर्छन् ?

उत्तर :

(ऊ) तपाइँको वडामा रहेका डाँडाको र वनजङ्गलको नाम लेख्नुहोस् ।

उत्तर :

## परियोजना कार्य :

(अ) शिक्षक र कक्षाका साथीहरू मिलेर शैक्षिक भ्रमण/वनभोजमा जानुहोस् । त्यहाँबाट फर्किएपछि तलका शीर्षकका आधारमा प्रतिवेदन तयार पार्नुहोस् ।

विद्यालयको नाम :

गएको मिति :

गएको ठाउँ :

देखेका ठाउँ र वस्तुहरू :

गरेका क्रियाकलापहरू :

आफ्ना मनमा लागेको कुरा :

(आ) आफ्नो ठाउँमा भएको वनजङ्गलका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

ठाउँ : .................. वनजङ्गलको नाम : ...........................

## पाठ : ४ हाम्रा बाटोघाटो र सडकको अवस्था

मानिसहरूलाई एक ठाउँबाट अर्को ठाउँमा आवातजावत गर्न बाटोघाटो र सडक चाहिन्छ । गाउँमा पुराना गोरेटो, घोडेटो बाटा छन् । पहिले मानिसहरू ती बाटाघाटाको प्रयोग गरेर वल्लो गाउँ, पल्लो गाउँ र बजारसम्म जाने गर्दथे र अहिले पनि जाने गरिन्छ । ती बाटाहरू दशैं तिहारजस्ता ठूला चाडअघि सबै गाउँलेहरूले मिलेर सफा गर्ने, भत्केका भए बनाउने, आवश्यकता हेरी खोला र खोल्सामा साँघु लगाउने चलन थियो । त्यसैले मानिसलाई ओहोर दोहोर गर्न सजिलो हुन्थ्यो । एउटा ठाउँबाट अर्को ठाउँमा गाई, भैँसी र अन्य जनावरको किनबेच गरेर लान, ल्याउन सहज हुन्थ्यो । अहिले सडक मार्गले छोएको ठाउँमा सडकको प्रयोग गर्ने गरिन्छ । विभिन्न ठाउँमा सडकको अवस्था फरक फरक किसिमका छन् । सडकको प्रयोग गर्न थालेपछि ती गोरेटो, घोडेटो कतिपय बाटाहरूमा आवतजावत घट्न थालेको छ । गोरेटो, घोडेटो बाटाहरूमा झाडी, काँडा उम्रिएर र वर्षाद्को पानीले भत्किएर हिँड्न मुस्किल हुन थालेको छ ।



शिवप्रसाद भट्टराईको गाउँ भोजपुर नगरपालिका वडा नं. १ डाँडाबोखिम हो । उसको गाउँबाट सडक बन्नुअघि हिँडेर भोजपुर बजार आउन करिब एक दिन लाग्थ्यो । भोजपुर नगरपालिकाको सबै वडामध्ये यो गाउँ दूरीको आधारमा सबैभन्दा टाढा मध्येको एउटा गाउँ हो । अहिले उसको गाउँमा कच्ची सडक पनि पुगेको छ । कच्ची सडक भएकाले अहिले पनि गाउँबाट सदरमुकामसम्म पुग्न लगभग २ देखि ३ घण्टा समय लाग्छ । हिले भञ्ज्याङमा पक्की सडक भेटिन्छ । हिले भञ्ज्याङ श्यामशिला

हुँदै भोजपुर बजार पुगिन्छ । निर्माणधीन कच्ची सडक पक्की सडक बनेपछि आवतजावत गर्न सहज हुनेछ ।



पूर्व पश्चिम मध्यपहाडी लोकमार्गले छोएको हिले भञ्ज्याङ श्यामशिला हुँदै भोजपुर देउराली चोक, बोखिम, दावाँ र भोजपुर बजार आसपासमा पक्की सडक रहेका छन् । प्रवीण रणपहेँलीको घर भोजपुर नगरपालिका वडा नं. १२ टक्सारमा पर्दछ । टक्सारको हवाइ मैदानसम्म पक्की सडक पुगेको हुँदा भोजपुर सदरमुकाम र नगरपालिका आवतजावत गर्न १५ मिनेट समय लाग्ने हुँदा छिटो र सजिलो छ ।

## उत्तर लेखौं :

(अ) शिवप्रसाद भट्टराईको घर कहाँ हो ?

उत्तर :

(आ) शिवप्रसाद भट्टराईको गाउँमा सडकको अवस्था कस्तो रहेको छ ?

उत्तर :

(इ) तपाईंको ठाउँबाट सडक हुँदै भोजपुर सदरमुकाम पुग्न कति समय लाग्छ ?

उत्तर :

(ई) तपाईंको ठाउँको सडक कस्तो प्रकारको छ ?

उत्तर :

(उ) सडकका कुनै दुईओटा फाइदा लेख्नुहोस् ।

उत्तर :

(उ) सडक पार गर्दा के के कुरामा ध्यान दिनु पर्दछ ? बुँदागत लेख्नुहोस् ।

उत्तर :

## गीत गाऔँ :

हामी सबै सडकमा, सुरक्षित हुनैपर्छ
पैदल र सवारी यात्रा, गन्तव्यमा पुग्नैपर्छ ।

यात्रा गर्दा आफ्नो साइड, सधैँ ख्याल गरौँ
बालक, वृद्ध, अशक्त हुन्छन्, सबैतिर हेरौँ ।

ट्राफिक नियम हामी, सबैले जानी राख्नुपर्छ
सडक पार गर्दा, जेब्राक्रस र बत्ती हेर्नुपर्छ ।



अभिभावक, शिक्षक सबैले, सिकाउनु नै पर्ने
नानीहरू सबैले नि, जानी राख्नुपर्ने ।



सबैले बुझौँ, सबैले गरौँ, प्रयोग जेब्राक्रसको
लामो जीवन, लामो यात्रा, सुखद् जिन्दगीको ॥

## उत्तर भनौँ :

- हामी सधैँ कहाँ सुरक्षित हुनुपर्छ ?
- हामी सडक यात्रा गर्दा के  ख्याल गर्नुपर्छ ?
- सडकमा क–कसले यात्रा गरिरहेका हुन्छन् ?
- हामीले सडक पार गर्दा के जानी राख्नुपर्छ ?
- सडक पार गर्नुअघि केके हेर्नुपर्छ ?
- जेब्राक्रसको प्रयोगले जिन्दगी कस्तो हुन्छ ?

## ट्राफिक नियमका सङ्केत जानौँ र प्रयोग गरौँ :


चौबाटो (अगाडी शाखा सडक)


चौबाटो अगाडी (मूल सडक)


दाहिने शाखा सडक (बायाँ यदि चिन्ह अर्को तर्फ भएमा)


पदयात्रीले बाटो काट्ने ठाउँ


गोल घुम्ती


दाहिने मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)


दाहिने पुरा मोड (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)


दोहोरो मोड, पहिले बायाँ (दाहिने, यदि चिन्ह अर्को तर्फ भएमा)


दुवैतिरबाट साँगुरिएको सडक


दाहिनेतिरबाट सांगुरिएको सडक (बायाँ, यदि चिन्ह अर्को तर्फ भएमा)


जाँच चौकी


साँगुरो पुल

## परियोजना कार्य :

**तलका प्रत्येक फोटोको बारेमा ५० ओटा शब्दमा लेखौँ :**

(अ)



(आ)



# थिम २ : ऐतिहासिक, साँस्कृतिक तथा पर्यटकीय स्थल
















**सिकाई उपलब्धि :**

- आफ्नो वडा भित्रको ऐतिहासिक वजार, थान (देवाली थान, साकेन्वा थान,भिमसेन थान), स्थलहरू
- आफ्नो वडामा भएको धार्मिक  स्थलहरू (मन्दिर, शिवालय, गुम्वा, चैत्य, चर्च, पूजा थान)
- आफ्नो वडा भित्रका जातजातीहरूको जातिय भेषभुषा (व्राहमण क्षेत्री, नेवार, राई, शेर्पा, तामाङ, मगर)
- आफ्नो वडा भित्रका जातजातीहरूको जातिय  गरगहना (व्राहमण क्षेत्री, नेवार,राई, शेर्पा, तामाङ,मगर )
- स्थानीय खाना पहिचान गर्न (व्राहमण क्षेत्री, नेवार,राई, शेर्पा, तामाङ, मगर)

**पाठ्यघण्टा** : २८

# पाठ १ : हाम्रो ऐतिहासिक सम्पदा

## पढौँ र छलफल गरौँ :

सबिना तामाङको घर बोखिम हो । बोखिम भोजपुर नगरपालिका ५ मा पर्छ । सबिना गाउँकै सामुदायिक विद्यालयमा कक्षा ३ मा पढ्छिन् । बोखिममा धेरै तरकारी उत्पादन हुन्छ । यहाँको तरकारी भोजपुर बजारमा बिक्री हुन्छ ।



बोखिममा धेरै जातजातिहरू मिलेर बसेका छन । यहाँ मुख्य गरेर नेवार, राई, ब्राह्मण, क्षेत्री, तामाङ, शेर्पा, विश्वकर्मा, दर्जी मिलेर बसेका छन् । सबिनाको गाउँमा साकेला थान छन् : सुनधारा साकेला थान र दाम्सिङ साकेला थान । साकेला थानमा उभौली र उधौलीमा सिली गाउँदै साकेला नाचिन्छ ।



बोखिममा नेवारहरूले लाखेजात्रा, गाईजात्रा र हिलेजात्रा मनाउँछन् । तल्लो बोखिममा कृष्ण मन्दिर रहेको छ । जात्रामा सवै जातजाति मिलेर नाच्ने र रमाईलो गर्छन् ।

बोखिमको आहालेमा बौद्ध गुम्बा (हिमालयन नाम्दा देछ्लिङ्ग गुम्बा) र मुडे फेदीमा देवा छ्योलिङ्ग गुम्बा छन् । यी गुम्बाहरूमा तामाङ समुदायबाट बुद्ध जयन्ति, ल्होसार तथा प्रत्येक महिनाको दशमी र पूर्णिमामा पूजा हुन्छ । बोखिममा पञ्चकन्या देवीको थान सानो आहालेमा रहेको छ । उक्त देवी थानको नामबाट पञ्चकन्या माध्यमिक विद्यालय बोखिमको नाम राखिएको छ ।

## उत्तर लेखौं :

(क) सबिनाको घर कहाँ हो ?

उत्तर :

(ख) सबिनाको गाँउमा भएका साकेला थानका नाम के के हुन् ?

उत्तर :

(ग) तल्लो बोखिममा भएको मन्दिरको नाम के हो ?

उत्तर :

(घ) बोखिमको आहालेमा भएको बौद्ध गुम्बाको नाम के हो ?

उत्तर :

(ङ) पञ्चकन्या माध्यमिक विद्यालय बोखिमको नाम कसरी राखिएको रहेछ ?

उत्तर :

## ठिक भएमा (√) र बेठिक भएमा (×) लगाऔं :

(क) पुराना मन्दिर, गुम्बा, साकेला थान, देवाली थान ऐतिहासिक सम्पदा हुन् । ☐

(ख) ऐतिहासिक सम्पदा संरक्षण गर्नुपर्छ । ☐

(ग) ऐतिहासिक सम्पदाको संरक्षण गर्ने जिम्मा सरकारको मात्र हो । ☐

(घ) ऐतिहासिक सम्पदा हाम्रा गहना हुन् । ☐

## उत्तर लेख्नुहोस् :

(क) तपाईंको घर कहाँ पर्छ ?

उत्तर :

(ख) तपाईंको वडामा भएका ऐतिहासिक सम्पदाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

**तपाईंको वडाभित्रका पुराना मन्दिर, गुम्बा, साकेला थान, देवाली थान वा अन्य ऐतिहासिक सम्पदाको बारेमा ५ वाक्यमा लेख्नुहोस् :**

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

**तपाईंको वडा भित्रको पुराना मन्दिर, गुम्बा, साकेला थान, देवाली थान वा अन्य ऐतिहासिक सम्पदाको बारेमा तालिका भर्नुहोस् :**

| सम्पदा | नाम | रहेको ठाउँ |
|---|---|---|
| मन्दिर | | |
| गुम्बा | | |
| साकेला थान | | |
| देवाली थान | | |
| .............. | | |
| .............. | | |

# पाठ २ : हाम्रो धार्मिक सम्पदा





(निर्मल र निहारिका कक्षा ३ मा पढ्छन् । उनीहरूको घर भोजपुर नगरपालिका ९ काफ्ले भोजपुर हो । आज शनिबार निर्मल र निहारिका आमासँग सिद्धकाली मन्दिर पूजा गरेर कैलाशडाँडामा आमा, निर्मल र निहारिका कुरा गर्दै हुनुहुन्छ ।)

निर्मल : आहा ! कति रमाइलो ठाउँ, यहाँबाट त भोजपुर, टक्सार, आम्तेक कति रमाइलो देखिएको ।

निहारिका : आमा यहाँबाट त गुम्बा पनि देखिँदै छ, कुन गुम्बा हो ?

आमा : कैलाश डाँडाबाट पानीट्याङ्कीमा देखिने पेमाछ्योलिङ गुम्बा र कैलासडाँडा मुनिको चाहिँ बौद्धथान हो । अनि हाम्रो घर मुनिको काफ्लेमा रहेको हिमालयन महायानी विश्वशान्ति बौद्ध गुम्बा हो । गुम्बामा बुद्ध धर्मावलम्बीहरूको पूजापाठ हुन्छ । गुम्बामा बुद्धजयन्ती र ल्होसारमा पूजा गर्न धेरै भक्तजनहरू आउँछन् ।

निर्मल : हाम्रो वडामा मन्दिरहरू कहाँ कहाँ छन् ?

आमा : जिल्लाको प्रशिद्ध सिद्धकाली मन्दिर यहाँ दैनिक बिहान पूजापाठ हुन्छ । तिज, बालाचर्तुदशी, दशैँको नवरात्र, ठूलो एकादशीमा पूजा गर्ने भक्तजनहरूको ठूलो भिड लाग्छ ।

निहारिका : सिद्धकालीमा त भाकल पूजा पनि गरिन्छ नि, हैन आमा ?

आमा : ठिक भन्यौ छोरी, सिद्धकाली मन्दिरमुनि राधाकृष्ण मन्दिर पनि छ, कृष्ण जन्माष्टमीमा भक्तजनहरूको भिड हुन्छ ।

निर्मल : इसाइहरूको चर्च पनि पानीट्याङकीमा छ, आमा ?

आमा : हो हो छोरा ठिक भन्यौ, हाम्रो वडामा बस्ने किराँतीहरूले उभौली र उधौलीमा भोजपुरको टुँडिखेलमा गई साकेला नाच्छन् । हाम्रो वडामा

सबै धर्मका मन्दिर, गुम्बा, चर्च रहेका छन् । बगैँचाका फुलहरू झैँ हामी सबै जातजाति र धर्म मिलेर बसेका छौँ ।

निर्मल र निहारिका : आज कति रमाइलो भयो आमा ।

## उत्तर लेखौँ :

(क) निर्मल र निहारिकाको वडामा कुन कुन गुम्बा रहेका छन् ?

उत्तर :

(ख) सिद्धकाली मन्दिर कहाँ रहेको छ ?

उत्तर :

(ग) भोजपुर काफ्लेमा रहेको गुम्बाको नाम के हो ?

उत्तर :

(घ) सिद्धकाली मन्दिरमा कहिले कहिले भक्तजनहरूको भिड हुन्छ ?

उत्तर :

(ङ) तपाईँको वडाभित्र पर्ने धार्मिक सम्पदाहरू के के छन् ?

उत्तर :

(च) तपाईँको वडाभित्र कुन कुन धर्म मान्ने मानिसहरू बस्नुहुन्छ ?

उत्तर :

## चित्र हेरौँ र लेखौँ :



म हिन्दू धर्मावलम्बी हुँ । पूजा गर्न म मन्दिर जान्छु ।





हामी.................. धर्मावलम्बी हौँ ।
.......................





म...................... धर्मावलम्बी हुँ ।
...........................





हामी .................. धर्मावलम्बी हौँ ।
........................



## सोधौँ, खोजौँ र लेखौँ :

**तपाईँको वडाभित्र पर्ने कुनै एक धार्मिक सम्पदाको चित्र खिच्नुहोस् ।**

**तपाईँको वडाभित्र पर्ने  धार्मिक सम्पदाहरूको नाम लेख्नुहोस् :**

१..........................................................................................

२..........................................................................................

३..........................................................................................

४..........................................................................................

५..........................................................................................

६..........................................................................................

७..........................................................................................

८..........................................................................................

९..........................................................................................

# पाठ ३ : हाम्रो भेषभुषा

















## चित्र हेरौँ र पढौँ :



मेरो नाम बिजय बिष्ट हो । हाम्रो जातिको पोसाक पुरुषको दौरासुरुवाल र महिलाको गुन्यु चोलो हो । महिलाले चुरा, पोते, ढुङ्ग्री, मुन्द्री आदि लगाउँछन् ।







मेरो नाम भिन्तुना श्रेष्ठ हो । हाम्रो जातिको पोसाक महिलाको हाकुपटासी (सारी चोलो) र पुरुषको कालो रङको दौरा सुरुवाल र कालो टोपी हो । महिलाले कल्ली, ढुङ्ग्री, न्यापु सिखा (कपाल च्याप्ने)





मेरो नाम सुम्निमा राई हो । हाम्रो जातिको पोसाक पुरुषको दौरा सुरुवाल र महिलाको गुन्यु, मखमलको चोलो र पोटुका हो । महिलाले ढुङ्ग्री, कम्पनी माला, पेचुरी, कल्ली आदि लगाउँछन् ।







मेरो नाम लमी शेर्पा हो । हाम्रो जातिको पोसाक पुरुषको बख्खु र टोपी र महिलाको बख्खु, दोडरिल, मट्टिल, खन्जेप हुन् । महिलाले पोसिल, युचुरु लगाउँछन् ।







मेरो नाम फुर्वा तामाङ हो । हाम्रो जातिको पोसाक पुरुषको सर्ट (तेटुङ), टोपी (तागी), कोट (सुर्के) र महिलाको सारी(स्यामा), पटुका (क्ये) ओढ्ने (ग्या) हो । महिलाले स्यल माला, ब्युरु माला र पाचनी माला लगाउँछन् ।



## खेल खेलौ :





मेरो नाम ................ हो । म भोजपुर गरपालिकामा.............. ..............बस्छु । मेरो जातीय पोसाक पुरुषले.....................र महिलाले................ लगाउछन् । ......................................... गरगहना लगाउछन् ।

खेल नियम : सबै विद्यार्थी गोलो घेरामा बस्नुहोस् । पालै पालो आफ्नो नाम, ठेगना बताउदै , आफ्नो जातिको भेषभुषा र गरगहनाको नाम भन्न लगाउनुस् ।

## उत्तर लेखौं :

(क) तपाईँको आफ्नो जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(ख) तपाईँको आफ्नो जातीय गरहगनाको नाम लेख्नुहोस् ।

उत्तर :

(ग) ब्राह्मण क्षेत्रीले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(घ) नेवारले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(ङ) राईले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(च) तामाङले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(छ) शेर्पाले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

(ज) मगरले लगाउने जातीय भेषभुषाको नाम लेख्नुहोस् ।

उत्तर :

## तल दिएको तालिका भर्नुहोस् :

| जात | भेषभुषा | गरगहना |
|---|---|---|
| ब्राह्मण र क्षेत्री | | |
| नेवार | | |
| राई | | |
| तामाङ | | |
| शेर्पा | | |
| मगर | | |
| ................ | | |

# पाठ ४ : हाम्रो परिकार

## हेरौँ र छलफल गरौँ :



## चित्र हेरौँ र पढौँ :

### ब्राह्मण / क्षेत्री





अक्षय तृतीयामा जौको सातुसर्वत



असार १५ दहीचिउरा



माघे सङ्क्रान्तिको खिचडी



साउन १५ खिर



माइतीले चेलीलाई परिकार बनाई ख्वाउने दर (भाद्र शुक्ल द्वितीयाको राति)




नयाँ धानको चामल भिजाएर खाने न्वागी

### नेवार





जनै पुर्णिमा क्वाटी



समयबजी (भोज)



योमरी



लखामरी

## राई





स्थानीय भालेको तिते (वाचिपा)



किनिमा



अरिङ्गाल



सिस्नोको दाल र ढिँडो

## तामाङ





ढिँडो



खोले



रोटी

## शेर्पा





खाप्से/ खाप्सियो



रिल्दक बनाउदै



रिल्दक



छुर्पी

## मगर



माघे संक्रान्ति रोटी, वन तरुल





## पढौँ र बुझौँ :

(समिर र शिक्षक विद्यालय जाँदै कुराकानी गर्दैछन्)



समिर : सर मौलिक खाना भन्नाले कस्तो खाना हो ?

शिक्षक : मौलिक खाना भनेको परम्परागत रुपमा धेरै पहिलादेखि खाँदै आएका खाना हुन् ।

समिर : हाम्रो घरमा बनाइने स्थानीय भालेको वाचिपा पनि मौलिक खाना हो सर ?

शिक्षक : ठिक भन्यो वाचिपा (तिते), किनिमा, सिस्नो, दाल, अरिङ्गाल आदि राई समुदायको मौलिक खाना हुन् ।

समिर : नेवारहरूको क्वाँटी पनि मौलिक खाना हो, सर ?

शिक्षक : नेवार समुदायमा बनाउने धेरै मौलिक खानाहरू छन्, जस्तै क्वाँटी जनै पूर्णिमामा खाइने, समेवजी (भोज), योमरी, लखामरी, चटामरी आदि ।

समिर : शेर्पाहरूको मौलिक खानाहरू के होला, सर ?

शिक्षक : शेर्पा समुदायको पनि आफ्नै छुट्टै मौलिक खानाहरू छन् । ल्होसारमा बनाउने खाप्सियो, आलुबाट बनाइने रिल्दक, छुर्पीहरू हुन बाबु ।

समिर : रामको घरमा त दर खान्छन् सर त्यो चाहिँ के हो ?

शिक्षक : हाम्रो समुदाय विविधतामा एकता छ, हो नि समिर ब्राह्मण, क्षेत्री समुदायले तिजमा चेली बोलाएर मिठो परिकार बनाई खुवाइन्छ, यसलाई दर भनिन्छ । त्यस्तै उनीहरू असार १५ मा दहीचिउरा, साउन १५ मा खिर, अक्षय तृतीयमा जौको सातु र सर्वत खान्छन् ।

समिर : अनि तामाङ जातिको पनि मौलिक खाना छ ?

शिक्षक : छ नि समिर, तामाङ जातिले कुखुराको मासुमा भुटेको चामलको पिठो, घ्यु हाली बनाउने खोले (थुक्पा), ढिँडो, रोटी आदि खान्छन् ।

समिर : मगरहरूको चाहिँ नि सर ?

शिक्षक : मगर समुदायले माघे सङ्क्रान्तिलाई विषेश पर्वको रुपमा मनाउने र माघे सङ्क्रान्तिमा मासको फुलौरा, तरुल, वनतरुल, रोटी आदि बनाई खान्छन् ।

विद्यालय पनि आइपुग्यो, आज यति नै है समिर ।

समिर : धन्यवाद सर ।

## जोडा मिलाऔँ :



ब्राह्मण/क्षेत्री





नेवार



राई



शेर्पा







तामाङ



मगर



## खाली ठाउँ भरौँ :

| योमरी, तिते (वाचिपा), रिल्दक, किनिमा, क्वाँटी, खोले, खिर, वनतरुल |
| --- |

(क) साउन १५ मा खाइने विशेष परिकार ........................ हो ।

(ख) शेर्पा समुदायमा आलुबाट बनाईने परिकार ................... हो ।

(ग) राई समुदायका मौलिका खानाहरू ................... र ................ हुन् ।

(घ) ........................ र ................... नेवारी मौलिक खाना हुन् ।

(ङ) तामाङ समुदायको मौलिक खाना ............................. हो ।

(च) माघे सङ्क्रान्तिमा खाईने मौलिक खाना....................... हो ।

## उत्तर लेखौँ :

(क) असार १५ मा के खाइन्छ ?

उत्तर :

(ख) राई समुदायमा खाइने कुनै ३ मौलिक खानाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

(ग) नेवार समुदायमा खाइने कुनै ३ मौलिक खानाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

(घ) शेर्पा समुदायमा खाइने कुनै ३ मौलिक खानाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

(ङ) तामाङ समुदायमा खाइने कुनै ३ मौलिक खानाहरूको नाम लेख्नुहोस् ।

उत्तर :

तपाईँलाई मनपर्ने मौलिक खानाको बारेमा एक अनुच्छेद लेख्नुहोस् ।

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

.................................................................................................

......................

# थिम ३ : जातजाति, भाषाभाषी र चाडपर्व











## छलफल गरौँ

माथिका फोटा तथा चित्रका बारेमा कक्षामा साथी र शिक्षकसँग छलफल गरौँ ।

**सिकाइ उपलब्धि**

- आफ्नो वडाभित्र बसोबास गर्ने जातजातिको नाम भन्न, लेख्न र छलफल गरी प्रस्तुत गर्न,
- जातीय सद्भाव र सम्मान व्यक्त गर्न,
- आफ्नो वडाभित्र बोलिने भाषाहरूको सूची प्रस्तुत गर्न,
- आफ्नो मातृभाषामा बोल्न (घर तथा छिमेकमा) प्रेरित हुन,
- आफ्नो वडाभित्रका मानिसहरूले मनाउने चाडपर्वहरूको सूची बनाई प्रस्तुत गर्न,

**पाठ्यघण्टा : २०**

# पाठ १ : मेरो कक्षाकोठा



## गीत गाऔँ :

साथी साथी न्यानो माया घामै घमाइलो
मैले पढ्ने मेरो कक्षा साह्रै रमाइलो

फरक भाषा फरक जाति छन् मेरा साथी
मानवताको साइनो एउटै नाता धेरै माथि

बहुभाषा बहुजाति नाम सोध्छु साथी
मेरो पनि बताइदिउँ कि नाम थर जाति ।

## उत्तर भनौँ :

अ. कोसँग न्यानो माया रहेको छ ?

आ. पढ्ने कक्षा कस्तो रहेको छ ?

इ. बहुभाषा बहुजाति भनेको के हो ?

ई. कक्षाका साथी कस्ता छन् ?

## ठिक बेठिक छुट्याउनुहोस् :

१. साथीसाथी मिलेर बस्नुपर्छ । [ ]

२. हाम्रो कक्षामा एउटै जातिका मात्र विद्यार्थी छन् । [ ]

३. हामीले कक्षाको साथीलाई सहयोग गर्नुहुँदैन । [ ]

४. कक्षामा ठुलोले सानोलाई हेप्नु हुँदैन । [ ]

## क्रियाकलाप गरौँ :

१. दुई दुई जना साथीको जोडी बनाएर एकले अर्काको नाम, थर, गाउँको नाम र बोल्ने मातृभाषा सोध्ने र बताउने गरौँ ।



## शिक्षकसँग छलफल गरी उत्तर लेखौँ :



२. फरक जाति भएपनि मानवताको साइनो एउटै भनेको के हो ?

उत्तर :

तपाईंको कक्षामा रहेका साथीहरूको नाम, थर र गाउँ/टोलको नाम लेखिएको सूची तयार पार्नुहोस् ।

| क्र.स. | साथीको नाम थर | जातजाति | गाउँ/टोलको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

# पाठ २ : म बोल्न सक्छु



(सुधिर र निनाम्मा भोजपुर नगरपालिका वडा नं. १० भैँसीपङ्खा स्थित एक विद्यालयको कक्षा ३ मा अध्ययन गर्छन् । विद्यालयको सुरु प्रार्थना लाइनमा आफ्नो वडाको गाउँ र त्यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा पालैपालो बोल्ने पालो रहेको छ । सुनौँ उनीहरूको मन्तव्य)




नमस्कार !

म मेरो गाउँको नाम र यहाँ बसोबास गर्ने मानिसहरूको बारेमा बताउँदै छु । म भैँसीपङ्खाको खाम्लुङ भन्ने गाउँमा बस्छु । यहाँ राई र तामाङ जातिको बसोबास रहेको छ ।

नजिकै जिमिगाउँ रहेको छ । त्यहाँ राई, विश्वकर्मा तथा नेवार जातिको बसोबास छ । नजिकै महभीर र ढुङ्ग्रेबास भन्ने गाउँहरू रहेका छन् । त्यहाँ राई, तामाङ, क्षेत्री तथा भुजेल जातिको बसोबास छ । त्यस्तै डाँडाखर्क र भैँसीपङ्खा भन्ने गाउँहरूमा चाहिँ राई, तामाङ, नेवार तथा दर्जीहरूको बसोबास रहेको छ । यसरी हाम्रो गाउँमा एउटै फूलबारीका फूलहरूझैं मिलेर सबै जातजाति मिलेर बसेका छन् । यहाँ यीबाहेक अन्य जातिको पनि थोरै सङ्ख्यामा बसोबास रहेको छ । धन्यवाद ।

नमस्कार !



निनाम्मा

म निनाम्मा । अब भैँसीपङ्खाका बाँकी गाउँको नाम र त्यहाँ बसोबास गर्ने समुदायका बारेमा बताउँदै छु । यहाँ खुरिला, नरपायाँ, ठुलोपारी नाम गरेका गाउँहरू पनि रहेका छन् । त्यहाँ मुख्य गरेर राई र क्षेत्री जातिको बसोबास पाइन्छ । खुरिलामा विश्वकर्मा र नरपायाँमा केही घर ब्राह्मण पनि छन् । त्यस्तै अन्य गाउँहरूमा क्रमशः असिने, लुङ्नातिम, मागुवा र पिप्ले भन्ने ठाउँहरू छन् । त्यहाँ मुख्य गरेर राई, नेवार र तामाङ जातिको बसोबास छ । मागुवामा बढी नेवार समुदायको बसोबास रहेको छ ।

सबै मानिसहरूमा आपसी सहयोग र सद्भाव रहेको छ । मलाई त आफू बसेको ठाउँ र गाउँ नै प्यारो लाग्छ । आजलाई मेरो पालो सकिएको छ । भोलि तपाईंको पालो है । मभन्दा अगाडि बोल्नुहुने साथी सुधिरलाई पनि मेरो धन्यवाद छ । धन्यवाद !

## उत्तर भनौँ :

अ. जिमिगाउँमा कुनकुन जातिको बसोबास छ ?

आ. भैँसीपङ्खाका कुनै पाँच ओटा गाउँको नाम भन्नुहोस् ।

इ. भोजपुर नपा वडा नं. १० भैँसीपङ्खामा मुख्य गरेर कुनकुन जातिका मानिस बस्छन् ?

ई. मागुवामा कुन जातिको बाहुल्यता रहेको छ ?

उ. असिने गाउँका बारेमा सुधिर कि निनाम्माले बताईन् ?

## क्रियाकलाप गरौँ :

१. अगाडि आएर सुधिर र निनाम्माले जस्तै आफ्नो वडा नं. र वडाभित्रका सबै गाउँहरूको नाम र त्यहाँ बसोबास गर्ने जातजातिका बारेमा पालैपालो साथीलाई बताऔँ :



२. सबैले आफ्नो कापीमा आफू बसेको वडाभित्र पर्ने सबै गाउँको नाम र ती गाउँमा बसोबास गर्ने जातजातिको नाम लेखिएको सूची तयार परी शिक्षकलाई बुझाउनुहोस् ।



| क्र.स. | वडा नं. | गाउँको नाम | बसोबास गर्ने जातजाति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

३. आफू बसेको वडाको नक्सा कोरेर गाउँका नामहरू भर्नुहोस् :

## हाम्रा पहिरन चिनौँ :

### हेरौँ, चिनौँ र खाली ठाउँ भरौँ :


क.


ख.


ग.


घ.


ङ


च.


छ.

### माथिको तस्बिर हेरेर खाली ठाउँ भरौँ :

तामाङ, शेर्पा, राई, मगर, गुरुङ, नेवारी, नेपाली

| तस्बिर नं. | पोसाक |
|---|---|
| क. | .........पोसाक |
| ख. | .........पोसाक |
| ग. | .........पोसाक |
| घ. | गुरुङ पोसाक |
| ङ. | ........पोसाक |
| च. | ........पोसाक |
| छ. | ........पोसाक |

## धर्का तानेर जोडा मिलाऔँ :



शेर्पा पोसाक



मगर पोसाक



नेवारी पोसाक



नेपाली राष्ट्रिय पोसाक



राई किराती पोसाक



तामाङ पोषाक

# पाठ ३ :  काग, जिराफ र सन्तुको कथा



धेरै पहिलेको कुरा हो । काग, जिराफ र सन्तु भन्ने बालक गरेर तीन जना साथी थिए । सन्तु आफ्नो घरमा बस्थ्यो । काग घर नजिकै रुखमा बस्थ्यो । जिराफ नजिकैको जङ्गलमा बस्थ्यो । उनीहरू मिल्ने साथी थिए । राति आआफ्नो घरमा बास बस्न जान्थे । बिहान घामको झुल्को सँगै उठ्थे । दिउँसो घामसँगै न्यानोसँग खेल्थे । बेलुका घामसँगै छुटिन्थे ।



काग छट्टु स्वभावको थियो । उसको बोली पनि रुखो थियो । आफुभन्दा ठुलोलाई आदर गरेर बोल्दैन थियो । अरु साथीसँग बोल्दा पनि झर्केर नराम्रो बोली बोल्ने उसको खराब बानी थियो । जिराफ चाहिँ नबोली बस्ने उसको बानी थियो । मनको कुरा पनि कसैलाई भन्न सक्दैन थियो । ऊ इसाराले मात्र बोल्थ्यो । त्यसैले कागले हेप्न खोज्थ्यो ।

सन्तु ज्ञानी बालक थिए । उनी मिठो बोली बोल्थे । उनको नम्र स्वभाव थियो । आफूभन्दा ठुलालाई आदर गरेर बोल्थे । साथीलाई सम्मान गरेर बोल्थे । कहिल्यै झर्केर रुखो बोली बोल्दैन थिए । गाली शब्द उसको मुखबाट निस्कनै पाउँदैन थियो । उसको बोल्ने शैली देखेर काग र जिराफ पनि मक्ख थिए ।



एक दिनको कुरा हो । को राम्रो भन्ने विषयमा काग, जिराफ र सन्तुको विवाद पर्‍यो । सबैको आआफ्नो घमण्ड थियो । त्यो देखेर सूर्यदेव आकाशबाट झरेछन् । सबैलाई एक ठाउँमा राखेर भनेछन् : "हेर नानी हो ! म आकाशबाट तिमीहरूको सबै व्यवहार हेरिरहेको छु ।



कागको बोली रुखो र छुच्चो छ त्यसैले तिमी कालो र नराम्रो भएर बाँच्नू । जिराफ मुख भएर पनि बोल्दै नबोलेकाले जङ्गलतिर एक्लै जानू । सन्तु बालक चाहिँ राम्रो भाषा र मिठो बोलिचाली भएकाले ज्ञानी मानिस भएर सबैको प्यारो हुनू ।" भनी आशीर्वाद दिनुभएकाले काग आज पनि कालो र रुखो बोली भएको, जिराफ चुपचाप जङ्गज बस्ने गरेको र मानिस चाहिँ सबैभन्दा श्रेष्ठ भई समाजमा बसेको पाइन्छ ।

कथा सकियो । अब तपाईं काग, जिराफ कि सन्तु जस्तो बन्ने साथी ?

## उत्तर भनौं :



१. कागको बोल्ने बानी कस्तो थियो ?

२. जिराफको बोल्ने बानी कस्तो थियो ?

३. सन्तुको बोल्ने बानी कस्तो थियो ?

४. तपाईँलाई काग, जिराफ र सन्तुमध्ये कसको बोल्ने बानी मन पऱ्यो र किन ?

५. तपाइँको बोल्ने बानी कस्तो छ ?

## उत्तर लेखौं :



१. काग किन कालो र कसैले मन नपराउने भएका हुन् ?

उत्तर :

२.कस्तो बोल्ने मानिसलाई सबैले प्यारो मान्छन् ?

उत्तर :

३. सूर्यदेव किन आकाशबाट झर्नुभयो ?

उत्तर :

## धर्का तानेर जोडा मिलाऔँ :

क. नराम्रो र रुखो बोल्ने

ख. ठुलालाई आदर नगर्ने

ग. झर्केर गाली शब्द बोल्ने

घ. नबोली बस्ने

ङ. मनको कुरा कसैलाई नबताउने

च. अरुको अगाडि बोल्न नसक्ने

छ. नम्र र मिठो बोली बोल्ने

ज. साथीलाई सम्मान गरेर बोल्ने

झ. गाली भाषा कहिल्यै नबोल्ने







## सन्तु जस्तै ज्ञानी बन्न आफूले गर्ने काम र व्यवहार लेखेर शिक्षकलाई देखाऔँ :

## भाषा सिकौं :

### स्वागतम गीत गाऔं :

स्वागतम स्वागतम सुस्वागतम
लसकुस फेपरोनङ डेनमुला

स्वागतम स्वागतम सुस्वागतम
छ्याल्लेखो तोम्लाङने लामदाक

स्वागतम स्वागतम सुस्वागतम
सेउटुप स्वागतम सुस्वागतम



## स्मरण गरौं :


भोजपुर नपामा बोलिने भाषा - प्रयोग हुने शब्द

| | | "स्वागतम" | "नमस्कार" | "धन्यवाद" |
|---|---|---|---|---|
| नेपाली | - | स्वागतम | नमस्कार | धन्यवाद |
| राई बान्तावा | - | तोम्लाङ्ने | सेवा | आलाङ्ने |
| नेपाल भाषा (नेवारी) | - | लसकुस | ज्वोज्वोलपा | सुभाय: |
| तामाङ | - | डेनमुला | फ्याफुल्ला | थुजेछे |
| शेर्पा | - | फेपरोनङ | टसिदेले | धुजिछे |
| गुरुङ | - | छ्याल्लेखो | छ्याजलो | ओर्छे |
| लिम्बू | - | लाम्दाक | सेवारो | नोगेन |
| दुङ्माली | - | सेउटुप | सेउ | आलाङ्ने |
| मगर | - | .......... | झोर्ले | जिलउ/चोङ्सु |

## आफ्नो भाषा बोलौँ :

पालैपालो आफ्नो मातृभाषामा **नमस्कार, स्वागतम** र **धन्यवाद** शब्दको प्रयोग गरौँ :

नमस्कार ! मेरो मातृभाषा ...... हो ।
मेरो भाषामा ........, .........., ..........
भन्छु ।



(नमस्कार, स्वागतम, धन्यवाद)

# पाठ ४ : असारको पन्ध्र आउनै लाग्दा



एक दिनको कुरा हो, कक्षा ३ मा लोकनाथ सर घन्टी लागेर पनि कक्षामा आउन केही ढिलो गर्नुभयो । असार महिनाको पन्ध्र गते आउन दुई दिन मात्र बाँकी थियो । वर्षेविदा हुने चर्चा थियो । हामी विद्यार्थी विदा हुने भनेर उत्साहित थियौँ ।

कुशलले असार पन्ध्रमा दही चिउरा खाने कुरा उठायो । उसले असारको पन्ध्र चाहिँ उसको मात्र हो भन्ने कुरा गऱ्यो । त्यसपछि खिम्बुङले आफ्नो उभौली पर्वको कुरा गऱ्यो । सोनामले ल्होसारको कुरा उठायो । त्यसरी नै सबैले आआफ्ना चाडपर्वको कुरा गरेर अरुकोभन्दा मेरै ठुलो र राम्रो भन्ने अड्डी कसे । उनीहरूमा विवाद सुरु भयो । त्यो देखेर लोकनाथ



सरलाई बोलाउन म अफिस गएँ किनभने म कक्षा मोनिटर थिएँ ।

सर हतारहतार कक्षामा आइपुग्नुभयो । साथीहरू सबै चुपचाप बसे । लोकनाथ सरले के भएको भनी सोध्नुभयो । मैले सबै कुरा बताएँ । सरले "स्याबास प्रकृति" भनेर मलाई धन्यवाद दिनुभयो । नगरपालिकाबाट विद्यालय अनुगमनमा आउनुभएकाले केही ढिलो भएको कुरा बताउँदै नेपालमा मनाइने चाडपर्वका बारेमा बताउन थाल्नुभयो ।



असारको पन्ध्र गते राष्ट्रिय धान दिवस पनि मनाइन्छ । यो सबै नेपालीहरूको परम्परागत चाड हो । यसबेला खेतमा धान रोपाइँ गर्ने र दही चिउरा खाने प्रचलन रहेको छ । हाम्रा चाडपर्वहरू सबै राम्रा र रमाइला हुन्छन् । ती चाडपर्वहरू कुनै जाति, समुदाय र धर्मिक आस्थासँग जोडिएर आए पनि हामी सबै नेपालीको साझा पर्व हुन् । चाडपर्वहरू यो सानो र यो ठुलो भनी छुट्याउन सकिँदैन । सबै बराबरी मानिन्छन् । एकले मनाउने पर्व अर्कोले मिलेर मनाउन पाइन्छ ।

जस्तै : असारको पन्ध्र, तीज, लाखेजात्रा, क्वाँटी पूर्णिमा, जनैपूर्णिमा, मातातीर्थ औंशी, नुवागी, दशैं, तिहार, छठ, उधौली, उभौली, ल्होसार पर्वहरू, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, चैते दशैं, इद, क्रिसमस, नयाँ वर्ष, विभिन्न जन्मजयन्तीहरू मनाउने आदि यी सबै हाम्रा पर्वहरू समान र बराबर छन् । यी सबैको महत्त्व बराबर रहन्छ । त्यसैले अबदेखि मैले मान्ने राम्रो र तिमीले मान्ने नराम्रो भन्ने भावना हटाउनुपर्छ है भनेर लोकनाथ सरले सबैलाई बताउनुभयो ।

यति भनिसक्दा घन्टी पनि बज्यो । अन्तिममा लोकनाथ सरले कुनै कारण शिक्षक कक्षामा आउन ढिलो भएमा पनि मिलेर छलफल गर्दै बस्ने है, विवाद गर्नुहुँदैन भन्दै गर्दा हामी खुशी हुँदै सबै उठेर एक स्वरले "हुन्छ सर" भन्यौँ ।

## उत्तर भनौँ :

(अ) विद्यार्थीहरू बिचमा के बारेमा विवाद भएको थियो ?

(आ) राष्ट्रिय धान दिवस कहिले मनाइन्छ ?

(इ) कुनकुन चाडपर्वहरू ठुला र साना हुन्छन् ?

(ई) कुनै पाँच ओटा नेपाली चाडपर्वहरूको नाम बताउनुहोस् ।

(उ) हामीले कस्तो भावना हटाउनुपर्छ ?

## उत्तर लेखौँ :

१. आफूलाई मनपर्ने चाडपर्वको बारेमा एक अनुच्छेद लेखेर शिक्षकलाई देखाउनुहोस् ।

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................


..................................................................................

२. तपाईंको गाउँ र वडाभित्र बसोबास गर्ने मानिसहरूले मनाउने चाडपर्वहरूको नामको सूची तयार पार्नुहोस् :

| क्र. स. | गाउँको नाम | वडा नं. | जातजाति/ समुदाय | मनाउने चाडपर्वको नाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## चित्र कोरी रङ भरौँ :

नेपालको राष्ट्रिय झण्डा



# पाठ ५ : चङ्गा उडाऔँ

## गीत गाऔँ



आहा ! रमाइलो चाडपर्व आँगनीमा आयो
खुशी र उमङ्ग नि सँगै बोकी ल्यायो

ल्होसारको पेम्बाले दियो मलाइ निम्तो
साकेलाको मैले पनि दिएँ उनलाई निम्तो

दिइन् निम्तो जात्राको साथी प्रीतिले
गर्छन् निम्तो तिजको आफ्नै माइतिले

क्रिसमससमा पनि हामी भेट्ने गरौँला
नुवाँगीको दिन नयाँ नयाँ चढाऔँला

पालैपालो मिलेर निम्तो मनाऔँला
तिहारमा देउसी र भैलो खेलौँला

दशैँमा घर लिपी टीका लगाऔँला
चङ्गा जस्तै चङ्गासँग उडी हिडौँला

आहा ! रमाइलो चाडपर्व आगनीमा आयो
खुशी र उमङ्ग नि सँगै बोकी ल्यायो ॥

## साथी र शिक्षकसँग छलफल गरी उत्तर भनौं :

(अ) तपाईंले चङ्गा उडाउनु भएको छ ?

यो कुन समयमा उडाउने गरिन्छ ?

(आ) ल्होसारको निम्तो कसले दियो ?

शेर्पाले कुन ल्होसार मनाउँछन् ?

(इ) नुवाँगीमा के चढाइन्छ ?

(ई) क्रिसमस कुन धार्मिक समुदायले मनाउने गर्दछन् ?



## जोडा मिलाऔं :

| चाडपर्वको नाम | धार्मिक समुदाय |
|---|---|
| क्रिसमस | हिन्दू |
| नुवाँगी | बौद्ध |
| तिज | किरात |
| ल्होसार | इसाइ |

## उत्तर लेखौं :




१. चाडपर्वले केके बोकिल्यायो ?

उत्तर :

२. तिजमा कसले कसलाई निम्तो दिइन्छ ?

उत्तर :

३. तिहारमा के खेलिन्छ ?

उत्तर :

४. दशैँमा के गरिन्छ ?

उत्तर :

५. गाईजात्राको लाखे नाच कहिले नाचिन्छ ?

उत्तर :

६. राईहरूको साकेला नाच कहिले नाचिन्छ ?

उत्तर :


## परियोजना कार्य :

१. तपाइँले जानेका सबै चाडपर्वहरूको नाम कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।

२. आफ्नो वडामा बसोबास गर्ने मानिसहरूले मनाउने चाडपर्वहरू गाउँका अग्रज वा अभिभावकलाई सोधेर ल्याउनुहोस् र शिक्षकलाई रुजु गराई कक्षाकोठाको प्रदर्शनी भित्तामा टाँस्नुहोस् ।

## चित्र कोरी रङ भरौँ :

चङ्गा



# थिम ४. आर्थिक क्रियाकलाप, स्थानीय पेसा, व्यवसाय र प्रविधि











**सिकाइ उपलब्धि:**

- आफनो वडाभित्रका मानिसहरूको मुख्य आयस्रोतका क्षेत्रहरूसँग परिचित हुन,
- आफनो वडाभित्र बसोबास गर्ने मासिहरूले अपनाउँदै आएका पेसा तथा व्यवसायहरूको जानकारी राखी आयआर्जनमा अपनाइने विभिन्न पेसा तथा व्यवसायहरूको सूची बनाउन,
- आफना वरपर र वडास्तरीय रैथाने प्रविधिहरू ( जाँतो, ढिकी, मोही पार्ने, विस्कुन सुकाउने, दुना, टपरी गाँस्ने, गुन्द्री, सुकुल, पिरा बुन्ने, कोल (ऊखु र तोरी पेल्ने), पिङ (लिङगे र रोटे, हलो बनाउने) को परिचय दिई महत्त्व बताउन,

**पाठ्य घण्टा :** ३०

## पाठ १ : स्थानीय नगदे बालीहरू

### कविता पढौँ :

**पौरखलाई प्रणाम**

टनेलभित्र टमाटर फल्यो बेसरी ।
पिठ्युँबाट बोकी हटिया बेच्ने कसरी ॥

अकबेरे अख्याक उख्युक आए पनि बोट ।
फलेकै छ जाँगरअनुसार लाउनुहुन्न खोट ॥

थोरै रोप्दा धेरै फल्यो यसपालीको आलु ।
घरिघरि अल्छि लाग्ने बानी कता फालूँ ॥

करेसाबारीभरि मौसमअनुसार खेती ।
हामीलाई खुशी लाग्छ आफ्नै जाँगरदेखि ॥

खोलाखोल्सा हरियाली अलैँचीको झाङ ।
उही अलैँची बेची थाप्छौँ रुपैयाँ चाङको चाङ ॥

सुन्तला हो यो देशको राष्ट्रिय फल ।
लटरम्म फलाउनलाई गर्नू मल जल ॥

रुद्राक्षले तान्यो धेरै नगद विदेशीको ।
आर्थिक पक्ष राम्रो भयो हामी स्वदेशीको ॥

धर्तीमा छ सारा सृष्टि, प्रणाम धर्तीमाता ।
पौरखलाई नि प्रणाम गरौँ, गाऔँ गौरवगाथा ॥

## क्रियाकलाप गरौँ :

### क. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :

१. टमाटर, अकबरे खुर्सानी, आलु, प्याज जस्ता बाली बजारमा बेचेर नगद आर्जन गर्न सकिन्छ ।( )

२. रुद्राक्ष खाद्यन्नका लागि उत्पादन गर्ने बाली हो । ( )

३. अलैँची बाली लगाउँदा खेर गइरहेको जग्गा सदुपयोग हुन्छ । ( )

४. सुन्तला नेपालको राष्ट्रिय फल हो । ( )

५. रुद्राक्षको कारोबारले स्वदेशी पुँजीको मात्रै कारोबार हुन्छ । ( )

### ख. कोष्ठकमा दिइएको उपयुक्त शब्द वा पदावली छानेर खाली ठाउँ भर्नुहोस् :

१. अलैँची नेपालको पहाडको ............ भूगोल भएको जग्गामा फल्ने बाली हो । (चिस्यान/सुख्खा/ढुङ्ग्यान)

२. बालीनालीले हाम्रो ............अनुसार फल दिने गर्दछ । (रुचि/जाँगर/गुनासो)

३. रुद्राक्ष धेरै पैसामा नेपालबाट ...........मा पठाइने नगदेबाली हो । (गाउँ/सहर/विदेश)

४. कृषकलाई फलाउनेभन्दा बेच्ने ..................अलि बढी छ । (सहजता/चिन्ता/लापरबाही)

५. नगदे बाली उत्पादन गर्न सर्वप्रथम ............आवश्यक पर्दछ । (तरिका/मेहनत/झोला)

## ग. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

१. कृषि बाली उत्पादनमा कसको भूमिका प्रमुख रहन्छ ?

उत्तर :

२. सुन्तला लटरम्म फलाउन के गर्नुपर्छ ?

उत्तर :

३. खोलाखोल्सीमा कुन बाली फलाउन सकिन्छ ?

उत्तर :

४. रुद्राक्षले नेपालको आर्थिक अवस्थालाई कस्तो बनाइरहेको छ ?

उत्तर :

५. हामी हाम्रो पौरखलाई किन प्रणाम गर्नुपर्छ ?

उत्तर :

# पाठ २ : कुमार सरको रोजगारी



भोजपुर नगरपालिका १ शिवुखाम निवासी कुमार राई अहिले ५४ बर्षको हुनुभयो । उहाँ अहिले सिंहदेवी माध्यमिक विद्यालय, भोजपुर नगरपालिका १ को प्रधानाध्यापक हुनुहुन्छ । विगत ३२ वर्षबाट उहाँ शिक्षण पेसामा आबद्ध हुनुहुन्छ । उहाँ नेपालमा परिवारसँगै बसेर साना बालबालिकालाई आफूमा भएको ज्ञान, सिप बाँड्न पाउँदा भने खुशी हुनुहुन्छ । शिक्षणकै क्रममा उहाँलाई नसासम्बन्धी समस्या देखा परेर प्यारालाइसिसको अवस्थासम्म पुग्नु भयो । उपचारपछि उहाँको स्वास्थ्यमा केही सुधार भयो । कमजोर स्वास्थ्य भए पनि हरेस नखाईकन उहाँ विद्यालय र विद्यालयको बालबालिकाको समग्र हितमा दिन रात खटिरहनु भएको छ । हाल उहाँको स्वास्थ्य अवस्था पूर्ण रुपमा ठिक नभए पनि सामान्य हिँडडुल गर्न भने सक्नुहुन्छ । विद्यालयको अवस्था र विद्यालय परिवारका मागले गर्दा कुमार सर केही वर्षदेखि प्रधानाध्यापक जस्तो जिम्मेवार पद पनि सम्हाल्नु भएको छ ।

कुमार राईको नेपाल सरकारबाट पाएको तलबभत्ता आम्दानी छ । उहाँका परिवारका अरु सदस्यले खेतीकिसानीको काम गर्नुहुन्छ । उहाँ राज्यबाट पाएको सेवा तथा परिवारको कृषिको आम्दानीले परिवारको जीवन चलाउन पुगिरहेको हुनाले पनि राज्यले दिएको रोजगारी प्रति सन्तुष्ट र खुशी पनि हुनुहुन्छ । शिक्षण सेवाकालमा तलबभत्ता र सेवापश्चात पनि राज्यले उहाँलाई निवृत्तिभरण प्रदान

गर्छ । त्यसकारण उमेर छउञ्जेल बलबुद्धिले भ्याएसम्म शिक्षण सिकाइ कार्यमा रहेर नै समाजको सेवा गर्ने कुमार सरको मनसाय रहेको छ ।

नेपाल सरकारले उहाँ जस्तै करिब १ लाख २० हजार जति नागरिकलाई शिक्षा क्षेत्रमा रोजगारी प्रदान गरेको छ । नेपाल सरकारले दिएको शिक्षण क्षेत्रको रोजगारीले धेरै नागरिक सन्तुष्ट भएर जीविकोपार्जन गरिरहेका छन् ।

## क्रियाकलाप गरौँ :

### क. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :

१. कुमार राई सिंहदेवि मा.वि., भाम्राङमा रोजगारी गर्नुहुन्छ । ( )

२. कुमार सरलाई रोजगारी निजी संस्थाले दिएको हो । ( )

३. कुमार सरको परिवारका सदस्यहरू खेतीकिसानीको काम गर्नुहुन्छ । ( )

४. कुमार सरलाई स्वास्थ्यसम्बन्धी कुनै समस्या भएको छैन । ( )

५. कुमार सर आफ्नो तलबभत्ता र पारिश्रमिकमा सन्तुष्ट हुनुहन्छ । ( )

### ख. कोष्ठकमा दिइएको उपयुक्त शब्द वा पदावली राखी खाली ठाउँ भर्नुहोस् :

१. शिक्षकलाई सरकारले ...........दिएको हुन्छ ।(दान/तलबभत्ता/अन्नपानी)

२. रोजगारीले परिवारको ...........चल्नुपर्छ । (जीविका/घरखर्च/बाटोखर्च)

३. नेपाल सरकारले करिब १ लाख २० हजार जति नागरिकलाई शिक्षण क्षेत्रमा .............. प्रदान गरेको छ । (दक्षिणा/प्रसाद/रोजगार)

४.रोजगारबाट सन्तुष्टि पाए मनोबल ..........हुन्छ ।(कमजोर/चिन्ता/उच्च)

५. कुमार सरले शिक्षकको जागिर जीवन सकिए पछि सरकारबाट .........
पाउनुहुन्छ । (निवृत्तिभरण/अनुदान/भत्ता)

## ग. उत्तर लेख्नुहोस् :

१. कुमार सरको परिवारको मुख्य आम्दानीको स्रोत कुन हो ?

उत्तर :

२. कुमार सरलाई शिक्षण पेसाको रोजगार कसले दिएको हो ?

उत्तर :

३. कुमार सरलाई कुन स्वास्थ्य समस्या आएको थियो ?

उत्तर :

४. तपाईँका बुवाआमा कुन काममा रोजगार गर्नुहुन्छ ?

उत्तर :

५. तपाईँलाई भविष्यमा कुन रोजगारी गर्न मन छ ?

उत्तर :

# पाठ ३ : अन्तर्राष्ट्रिय रोजगारी


विकास र पेशल बिचको कुराकानी

(रजनी दर्नाल कक्षा तीनका अनुशासित छात्रा हुन् । उनका बुवा विकास दर्नाल संयुक्त अरब इमिरेट्स (दुबइ)मा वैदेशिक रोजगारीमा हुनुहुन्छ । विकासको विद्यार्थी जीवनका साथी पेशल रजनी पढिरहेकी विद्यालयको प्रधानाध्यापक हुनुहुन्छ । विकास छुट्टीमा स्वदेश/घर आएको बेला पेशलकै घरमा पेशलसित भेट, कुराकानी तथा संवादमा हुनुहुन्छ । )

**विकास** : लु नमस्कार छ है, पेशल सर र भाउजू दुवै जनालाई ।

**पेशल** : नमस्कार, विकास । बिहानै आइपुगेछौ, ठिक्क चिया तयारी भएको बेलामा । लौ यतै बसेर चिया पिउँदै गफ गरौँ ।

**विकास** : हुन्छ नि । आज यसो भेट पनि गरौँ, रजनीको पढाइका बारेमा पनि भेटमा सोधौँ भनेर आएको नि ।

**पेशल** : रजनी हाम्रो विद्यालयकै जेहेन्दार र अनुशासित विद्यार्थी हुन्, यी सबै कुरो त अनलाइन मा पनि भनेकै छु नि, विकास ।

**विकास** : हो नि, म पनि भाग्यमानी नै रहेछु, तिमीले नेतृत्व गरेको विद्यालयमा मेरी छोरीलाई पढाउन पाउँदा गर्व लाग्छ ।

**पेशल** : विद्यालयमा कक्षा १० सम्मको पढाइमा रजनीको चिन्ता नलिनू विकास, बरु विद्यालयबाहिरको समय र घरमा भाउजू(रजनीका आमा)लाई

ख्याल गर्नु भन्नू । अनि तिम्रो वैदेशिक रोजगारी जीवनको बारेमा थोरै बताऊ न । कति कमाएर ल्यायौ ?

**विकास** : मैले दुबइमा काम गर्ने कम्पनीको नाम अल्ट्रा भेहिकल अटोपार्ट्स इन्डस्ट्री कम्पनी हो । यहाँ करिब ७,६०० जना जति सबै प्रकारका कामदाहरू छन् । जसमध्ये नेपाली पनि १,२०० जति छौँ । व्यवस्थापक, सहयोगी, मजदुरदेखि सवारी चालक र म जस्तै सुरक्षा गार्डसम्म छौँ । सबैलाई आफ्नो सिप र क्षमताअनुसारका रोजगार त्यो कम्पनीले दिएको

छ । विदेश र विदेशी कम्पनी भनेर के गर्ने, यहीँबाट हामीलाई आफू र परिवारको खर्च पुऱ्याउने तलबसहित रोजगारी दिएको छ ।

**पेशल** : तिमीले अहिलेसम्म कति बचत गर्यौ त ?

**विकास** : मेरो पनि कमाइ राम्रो नै छ । म त्यो कम्पनिमा काम गरेको ७ वर्ष भयो, सुरुमा मलाई मासिक ३,००० ।– दिराम तलब तथा खानेबस्ने सुविधा दिएको थियो । अहिले बढाइदिएर ५,००० ।–बनाइदिएको छ । त्यो भनेको मासिक नेपाली रु. १,६०,०००।– जति हुन्छ । परिवारको शिक्षा, स्वास्थ्य र अन्य घरखर्चको लागि ३०,०००।– देखि ४०,०००।– नेपाली रुपैयाँ घरमा पठाउने गरेको छु । अन्य रुपैयाँ भने अलि धेरै जम्मा भएपछि पठाउने गरेको छु ।

**पेशल** : जे होस् कतिपय देशले तिमी जस्तै नेपालीलाई अन्तर्राष्ट्रिय रोजगारी दिएर परिवार र देशकै आर्थिक अवस्था सुधारमा सहयोग पनि गरेको छ ।

**विकास** : हो नि पेशल । तिमी नेपालको सेवा गरिहेका छौ तर अन्तर्राष्ट्रिय रोजगारका लागि म त विदेश पसेको ७/७ वर्ष भइसकेको छ ।

**विकास** : ल म भोलिका लागि तिमी र भाउजूलाई मेरो घरमा आउने निम्तो दिँदै बिदा हुन्छु, आज सानो कामका लागि पर बजारसम्म जानु छ ।

**पेशल** : हस्, हुन्छ, भोलि विद्यालय छुट्टीपछि हामी दुवैजना आउँछौँ ।

## क्रियाकलाप गरौँ :

### क. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :

१. विकास अहिले अन्तरराष्ट्रिय रोजगारीका लागि दुबइमा छन् । ( )

२. पेशल र विकासको भेट प्रत्यक्ष पनि दिनानुदिन भइरहेको थियो । ( )

३. विकास वैदेशिक रोजगारीमा लागेको जम्मा एघार म वर्ष वितेछ । ( )

४. धेरै नेपालीले अन्तर्राष्ट्रिय रोजगारीबाट घर परिवारको आर्थिक अवस्था सुधार गरेका छन् । ( )

५. विकासको मासिक कमाइ नेपाली रुपैयाँ ५०,००० जति हुन्छ । । ( )

### ख. कोष्ठकमा दिइएको उपयुक्त शब्द वा पदावली राखी खाली ठाउँ भर्नुहोस् :

१.पेशल राष्ट्रिय तथा विकास ...........रोजगारीमा हुनुहुन्छ ।

(स्थानीय/निजी/अन्तर्राष्ट्रिय)

२. जहाँ भए पनि रोजगारीका लागि ...........चाहिन्छ ।

(सिप र मेहनत/खुबी र बाठोपना/अल्छीपना)

३. विदेशबाट पठाएको नेपाली रु. ३०,०००।– ले विकासको परिवारमा ..............टर्छ । (दक्षिणा/बाटोखर्च/घरखर्च)

४.रोजगारबाट गरिएको आम्दानीलाई ..........गर्न सक्नु नै भविष्यको तयारी हो । (बचत/खपत/खर्च )

५.नेपालको भन्दा दुबइको पैसा .............. हुने देखिन्छ ।

(थोरै/बराबर/धेरै)

## ग. तलका प्रश्नको उत्तर दिनुहोस् :

१. विकासको रोजगारी के हो ?

उत्तर :

२. विकासका साथी पेशलको रोजगारीको नाम लेख्नुहोस् ।

उत्तर :

३. विकासको मासिक कमाइ कति दिराम छ ?

उत्तर :

४. रोजगारीले हामीलाई के दिन्छ ?

उत्तर :

५. तपाइँको आमाबुवाको रोजगारी के छ ? परिवारमा छलफल गरी लेखेर ल्याउनुहोस् ।

उत्तर :

# पाठ ४ : सिलाइकटाइ


कपडा सिउने हाते कल चलाउँदै

पहिलेपहिले सिकाइकटाइको काम कुनै एक जातका मानिसहरूले मात्र गर्ने गर्थे । अहिले भने यो काम सबैले गर्न थालेका छन् । मानिसले लगाउने विभिन्न खालका कपडाहरू काटी सिलाएर लाउन हुने बनाउने सिप नै सिलाइकटाइ हो ।  यो मानिसको दिमाग र शरीरका अङ्गहरूसम्बन्धी सिप भएका जोसुकैले सजिलै सिक्न पनि कठिन छ । पेसाका रुपमा यसलाई लिन थाएिको छ । अहिले धेरैले सिलाइकटाइको काम गरेर जीविकोपार्जन गरिरहेका छन् । साथै अरुको आवश्यकता र रुचि  पूरा गर्ने सेवाका रुपमा पनि सिलाइकटाइको कामलाई लिने गरिन्छ ।

भोजपुर नगरपालिका कार्यालयले २०८० सालमा सञ्चालन गरेको फुर्सदिला किशोरी तथा महिलाहरूका लागि  सिलाइकटाइको ३ महिने तालिम सम्पन्न भएको थियो । उक्त तालिममा भोजपुर न.पा.का करिब ४० जना जति किशोरी तथा महिलाहरूको सहभागिता रहेको थियो । उक्त तालिममा सहभागीमध्ये अनिता राईले व्यावसायिक रुपमा सिलाइकेन्द्र खोलेर आफूलाई स्वरोजगार पनि बनाएकी छिन् । अहिले उनले मासिक २० देखि २५ हजार जति कमाइ गर्न थालेकी छिन् । कमाइसँगै उनी



आफ्ना परिवारका सबै जनाको कपडा राम्ररी सिउन सक्छिन् । सिलाइकटाइ बेलैमा सिकेकाहरूले त अझ उद्यमका रुपमा नै राम्रो आम्दानी गरिरहेका छन् ।

## क्रियाकलाप गरौँ :

### क. पढेर जोडा मिलाउनुहोस् :

कपडा सिउने हाते कल



कपडा सिउने तालिम



कपडा सिउन हात र खुट्टा दुवैको
सहयोगले चलाउन मिल्ने कल



कपडा सिउने विद्युतीय कल



## ख. तलका वाक्यहरू ठिक भए (√) चिह्न र बेठिक भए (×) लगाउनुहोस् :

१. सिलाइकटाइसम्बन्धी काम पहिल्यैदेखि सबैले गर्दै आएका हुन् ।( )

२. कपडा काटेर सिलाउने काम सिलाइकटाइमा हुन्छ । ( )

३. सिलाइकटाइ पेसाका साथै सेवा पनि हो । ( )

४. सिलाइकटाइबाट मानिसको जीविकोपार्जन चाहिँ हुदैन ।( )

५. सिलाइकटाइ घरेलु उद्योगअन्तरगत पर्दछ ।( )

## ग. उत्तर लेख्नुहोस् :

१. सिलाइकटाइ सिपमा के के सिपहरू पर्दछन् ?

उत्तर :

२. सिलाइकटाइका काम सबैले सजिलैसित गर्न सक्तैनन्, किन ?

उत्तर :

३. २०८० सालमा सिलाइकटाइका तालिम कुन कार्यालयको साझेदारीमा चल्यो ?

उत्तर :

४. सिलाइकटाइसम्बन्धी कामहरू कसैले गरेको देख्नु भएको कि छैन ?

उत्तर :

५. सिकाइकटाइको काम बारेमा घरमा आमाबुबालाई सोधी छोटो अनुच्छेद कापीमा लेखेर ल्याउनुहोस् ।

# पाठ ५ : बाख्रा पालन, कुखुरा पालन



(पशु चिकित्सक हरिराम प्रधान आज बाख्रापालक कृषक अर्जुन कार्कीको बाख्रा फाराममा पुगेका छन् । अर्जुनको फारामका दुईओटा पाठाहरू बिरामी भएकोले उनी जाँचेर औषधी दिनलाई त्यहाँ पुगेका हुन् । हरिराम र अर्जुनका बिचमा भएका कुराकानीका केही अंश)

हरिराम : तपाईंले बाख्राको सङ्ख्या त बढाउनु भएको रहेछ, तर तपाईंको बाख्रापालन त्यति व्यवस्थित त देखिएन नि अर्जुन जि ।

अर्जुन : खै सर, के केमा कमजोरी भयो । अब तपाईंले नै बताइदिनुहोस् न सर ?



हरिराम : घामले भेट्ने ठाउँमा घाँस खाने खोर, तातो बस्नेसुत्ने ठाउँ, पोषिला घाँस, पिउने पानीको व्यवस्था र राम्रो चरन भएको क्षेत्र आदि आवश्यक पर्थ्यो, ती कुराहरूमा कमजोरी देखियो है ।



अर्जुन : अँ, हरिराम सर, मैले विदेशमा भोगेको दुःख र यहाँको घाँस, चरन, घमाइला फाँट देखेर पनि बाख्रापालनमा सम्भावना देखें ।

हरिराम : कुनै उद्यम गर्नु राम्रो हो अर्जुन जि, तर उद्यम गर्दा आइपर्ने समस्याका बारेमा थाह पाउन जरुरी छ ।

अर्जुन : अँ, यस बारेमा सरकार र तपाईँ जस्ता विज्ञको सहयोग पाएँ भने बाखा पालेर सफल कृषक बन्ने मेरो सपना पूरा गर्ने छु जस्तो लाग्छ।

हरिराम : तपाईँ चिन्ता नगर्नू न । हामीलाई सरकारले तलब दिएर तपाईँहरू जस्तै कृषकलाई साथ दिन त खटाएको छ ।

अर्जुन : हेर्नुहोस् हरिराम सर, अहिले मेरो फाराममा ५० माउ जति बाखा छन् । बेच्ने बेला भएका खसीहरू ३० ओटा जति छन्, बोकापठेग्री २६ ओटा जति छन् भने ४२ ओटा जति पाठापाठी छन् । नचिनेको रोगले ५ ओटा माउ र ८/१० ओटा जति पाठापाठी मरे । माउहरू अझै थप्ने सोचमा छु ।

हरिराम : ओहो ! धेरै पो रहेछन् बाखा त । अनि यसलाई कसरी धान्नुभएको छ नि ?

अर्जुन : मैले पढाइ सकेर बसेका २ जनालाई मासिक रु.१२,०००।– का दरले सहयोगीका रुपमा राखेको छु । म आफू पनि घाँसपानी दिने काम गरिरहन्छु भने मेरी जहान र दुई छोराले पनि फुर्सदको समयमा सहयोग गर्दछन् । यो फारामबाट प्राप्त आम्दानीले मेरा सबै आवश्यकता पूरा भएका छन् । अरुलाई पनि रोजगार दिन सकेको छु।

हरिराम : ए ! राम्रो उद्यमी बन्नुभएको रहेछ । अझ सफलताको शुभकामना छ है ।

अर्जुन : धन्यवाद छ सर ।

क्रियाकलाप गरौँ :

## क. पढेर जोडा मिलाउनुहोस् :

खसी



बाखाको खोर



चरन



पठेग्रो



टाट्ना



## ख. उत्तर लेख्नुहोस्  :

१. हरिराम प्रधानले अर्जुनलाई बाख्रापालनका लागि के कस्ता सल्लाह दिए ?

उत्तर :

२. अर्जुनले बाख्रापालन फाराममा कति जनालाई रोजगारी दिएका छन् ?

उत्तर :

३. परिवारका ककसले अर्जुनलाई सहयोग गरेका छन् ?

उत्तर :

४. पशुपालनबाट हामीलाई के कस्ता फाइदाहरू हुन्छन् ?

उत्तर :

## परियोजना कार्य :

तपाईँले कुखुरा फाराम देख्नु भएको छ ? यदि छैन भने पनि घरमा आमा वा बुबालाई सोधेर कुखुरा पाल्न केके काम गर्नुपछ ? लेखेर कक्षामा सुनाउनुहोस् ।

# पाठ ६ : व्यापार र व्यापारी



व्यापार गर्छ व्यापारीले, सामान दिन्छ सबलाई ।
काम गर्छन् सेवा भावले, धेरै नाफा नखाई ॥

बिहानदेखि बेलुका बित्छ, सरसामानको खातखात ।
पैसाकै कारोबार छ, उधारो वा नगद ॥



उत्पादनका सामानहरू, पुग्छ गाउँगाउँमा ।
सस्तो मस्तो भने जस्तो, ग्राहककै भाउमा ॥

दाल, चामल, लुगा सबै, भाँडावर्तन सबै ।
बाँच्ने होइन मान्छे कोही, नलगाई नखाई ॥



चियानास्ता, फलफूलको, फर्निचर र सुनको ।
ग्राहकलाई दिनुपर्छ, खाँचो पर्दा नुनको ॥

पैसा कमाई व्यापारीले, कर तिर्छन् देशलाई ।
त्यसैले त हामी सबको, धन्यवाद छ उसलाई ॥

## क्रियाकलाप गरौँ :

### क. तलका वाक्यहरू ठिक भए (√) र बेठिक भए (×) लगाउनुहोस् :

१. व्यापारमा रुपैयाँपैसाको कारोबार हुन्छ । ( )

२. व्यापारमा सेवाभाव हुँदैन ।( )

३. चियापसल, कपडापसल, काठव्यापार अझ नुनदेखि सुनसम्मकै सबै काम व्यापार हुन् ।( )

४. दाल, चामल, लुगा, भाँडाकुँडा हामीलाई सधैँ चाहिने सामानहरू हुन् ।( )

५. व्यापारीले कमाएको पैसाबाट राज्यलाई कर तिर्छन् ।( )

## ख. उत्तर लेख्नुहोस् :

१. व्यापारीले ग्राहकलाई केकस्ता सामान बेच्ने गर्छन् ?

उत्तर :

२. व्यापारीलाई हामीले किन धन्यवाद दिनुपर्छ ?

उत्तर :

३. उद्योगमा उत्पादन भएका सामानहरू कसले गाउँगाउँमा पुऱ्याउँछन् ?

उत्तर :

## परियोजना कार्य :

अभिभावकको सहयोगमा तपाईंको घरमा किन्ने र बेच्ने सामानहरूको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।

| किन्नुपर्ने सामान | बेच्ने गरेको सामान |
|---|---|
| | |

# थिम ५ : स्थानीय संरचना र विशिष्ट व्यक्तित्व

## हेरौँ र चिनौँ :







**सिकाइ उपलब्धि :**

- आफ्नो प्रदेश, जिल्ला, नगरपालिका र वडाहरू बताउन
- आफ्नो नगर प्रमुख, वडाध्यक्ष र सबै वडा सदस्यहरूको नाम बताउन र चिन्न
- आफ्नो विद्यालयका संस्थापक, घडेरीदाता, पूर्व र वर्तमान वि.व्य.स. अध्यक्ष , शि. अ. संघ अध्यक्षको नाम बताउन

**पाठ्यघण्टा : १८**

# पाठ १ : मेरो स्थानीय तह

## पढौँ र जानौँ :

नेपालका सात ओटा प्रदेशमध्ये भोजपुर जिल्ला कोसी प्रदेशमा पर्दछ । कोसी प्रदेशमा १४ ओटा जिल्ला छन् । तीमध्ये भोजपुर एक पहाडी जिल्ला हो । यो जिल्ला प्राकृतिक, ऐतिहासिक तथा साँस्कृतिक रूपमा सम्पन्न जिल्ला पनि हो ।




भोजपुर जिल्लामा नौ ओटा स्थानीय तहहरू रहेका छन् । तीमध्ये भोजपुर नगरपालिका पनि एक हो । भोजपुर नगरपालिकामा जम्मा १२ ओटा वडाहरू रहेका छन् ।

प्रकृति सुवाल भोजपुर नगरपालिकाको वडा नं. ६ देउरालीमा बस्छिन् । उनी सदरमुकामकै आधारभूत विद्यालयमा कक्षा ३ मा पढ्छिन् । भोजपुर देउरालीलाई सबैतिरको सडकले छोएको छ ।



उत्तर लेखौँ :

(अ) भोजपुर जिल्ला कुन प्रदेसमा पर्दछ ?

उत्तर :

(आ) कोसी प्रदेशमा कति जिल्ला छन् ?

उत्तर :

(इ) तपाईँ कुन वडामा बस्नु हुन्छ ?

उत्तर :

(ई) भोजपुर नगरपालिकामा कतिओटा वडाहरू छन् ?

उत्तर :

## नक्सा हेरौं र तालिका भरौं :

**भोजपुर नगरपालिकाको नक्सा**




| वडा नं. | ठाउँको नाम |
|---|---|
| १ | डाँडाबोखिम |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |
| | |

## गीत गाऔँ :





हाम्रा प्रतिनिधि वडामा पाँच छन्
विकास काममा सबै नै जुट्दछन्
खुला सदस्य दुई जना महिला थप एक
वडाध्यक्ष मुख्य हुन् दलित महिला एक
सबै जुटौं सबै उठौं गरौं विकास
देशको मुहार फेर्नलाई कम्मर कसौं त

## उत्तर भनौँ :

- वडामा कत्ति जना हाम्रा प्रतिनिधि छन् ?
- तीमध्ये मुख्य भूमिका कस्को रहन्छ ?
- खुल सदस्य कत्ति जना हुने व्यवस्था छ ?
- वडाका जन प्रतिनिधिमा कत्ति जना महिला हुन्छन् ?
- वडाको विकासको काममा कोको जुट्छन् ?

# पाठ २ : हाम्रा जनप्रतिनिधिहरूको चिनारी

## फोटो चिनौँ :




## पढौँ र जानौँ :

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । नेपालमा वि.स. २०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कायम रहेको छ । जसको परिणाम स्वरूप नेपालमा प्रशासनिक रूपमा ७ ओटा प्रदेश, ७७ ओटा जिल्ला, ७५३ स्थानीय तह र ६७४३ ओटा वडा रहेका छन् ।

भोजपुर जिल्लामा रहेका ९ ओटा स्थानीय तहमध्ये नगरपालिकाको सङ्ख्या २ ओटा  र गाउँपालिका ७ ओटा छन् भने जिल्ला भरिका जम्मा वडा सङ्ख्या ८१ छन् । भोजपुर जिल्लाका स्थानीय तहमध्ये जिल्ला सदरमुकाम रहेको स्थानीय

तह भोजपुर नगरपालिका हो । यस नगरपालिका कायम गर्दा साविकका ८ गाविसहरू : हैलौछा, गुप्तेश्वर, सिद्धेश्वर, बोखिम, भोजपुर, भैँसीपङ्खा, आम्तेक र टक्सार समावेश गरिएका छन् । यस नगरपालिकालाई १२ ओटा वडामा विभाजन गरिएको छ ।




सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको कार्यान्वयनको क्रममा वि.स. २०७४ मा पहिलो पटक र वि.स.२०७९ सालमा दोस्रो पटक स्थानीय तहको निर्वाचन समेत सम्पन्न भएका छन् । निर्वाचनमा एक नगर प्रमुख, एक उपप्रमुख, वडाको सङ्ख्याअनुसार एक/एक वडाध्यक्ष र प्रत्येक वडाबाट




चार/चार जना सदस्यहरू जनताबाट निर्वाचित भएका हुन्छन् । जनप्रतिनिधिहरूको पदावधि पाँच बर्षको हुन्छ । स्थानीय तहका निर्वाचनपछि जनप्रतिनिधिको नेतृत्वमा विकासका पूर्वाधारहरू सहज वातावरणमा धमाधम बनिरहेका छन् । साथै नागरिकमा प्रवाह हुने सेवा सुविधामा वृद्धि भइरहेको महशुस भएको छ । जनअपेक्षा अनुसारका देश विकास हुनेमा सबै नागरिक ढुक्क छन् ।

## ठिक बेठिक छुट्याऔँ :

(अ) स्थानीय तहको निर्वाचन ५/५ वर्षमा हुन्छ । (    )

(आ) प्रत्येक वडामा ४/४ जना जनप्रतिनिधि निर्वाचित हुन्छन् । (    )

(इ) नेपालमा स्थानीय तहको पहिलो निर्वाचन २०७४ सालमा सम्पन्न भएको थियो । (   )

(ई) जनप्रतिनिधिको नेतृत्वमा विकासका पूर्वाधारहरू बनिरहेका छन् । (   )

(उ) निर्वाचन तोकिएको अवधिमा हुन आवश्यक छैन । (   )

**उत्तर लेखौँ :**

(अ) नेपाल कस्तो राज्य हो ?

उत्तर :

(आ) स्थानीय तहको निर्वाचन कहिले कहिले सम्पन्न भएका छन् ?

उत्तर :

(इ) भोजपुर नगरपालिकाको वर्तमान नगर प्रमुख को हुनुहुन्छ ? नाम लेख्नुहोस्।

उत्तर :

(ई) भोजपुर नगरपालिकाको वर्तमान नगर उपप्रमुखको नाम लेख्नुहोस् ।

उत्तर :

(उ) नगरपालिकाको नगर प्रमुख र उपप्रमुख को कार्य अवधि कति वर्षको हुन्छ?

उत्तर :

(ऊ) स्थानीय तहका निर्वाचनपछि विकासको नेतृत्व कसले गरिरहेको छ ?

उत्तर :

**परियोजना कार्य :**

स्थानीय जनप्रतिनिधिको नेतृत्वमा तपाईंको वडामा सम्पन्न भएको कुनै एक विकासको काम अभिभावकलाई सोधेर लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

# पाठ ३ : हाम्रो विद्यालयका उज्ज्वल नक्षत्र




## गीत गाऔँ :

देशको खम्बा विद्यालय, हाम्रो मुहार फेर्ने
अग्रज सबको योगदान, सधैँ सम्भिmरहने ।

समाजको एकता नै, विद्यालय रहेछ
अज्ञानतालाई हटाई, ज्ञान दिँदो रहेछ ॥

बुझेँ मैले पूज्यनीय, हाम्रा गुरूवर्ग
लगनशील बन्नुपर्ने, विद्यार्थीको कर्म ॥।

## उत्तर भनौँ :

- हाम्रो मुहार केले फेर्छ ?
- हामीले कसलाई सम्झिरहेका छौँ ?
- विद्यालय के रहेछ ?
- पूज्यनीय कसलाई भनिएको छ ?
- विद्यार्थीको कर्म के हो ?

## पढौँ, जानौँ र छलफल गरौँ :

विद्या प्राप्त हुने प्रमुख ठाउँ विद्यालय हो । नेपालमा वि.सं. २००७ सालअघि कहीँ कहीँ मात्रै विद्यालय खुलेका थिए । २००७ फागुन ७ गते प्रजातन्त्र आएपछि भने सबैतिर धमाधम विद्यालय खोल्ने कार्य सुरु भएको हो । विद्यालय खोल्न सजिलो थिएन । विद्यालय खोल्ने अग्रज व्यक्तिहरू विद्यालयका संस्थापक हुन् । विद्यालयको स्थापना गरेर सबैलाई शिक्षा दिनुपर्छ भन्ने हाम्रा अग्रज विद्यालयका संस्थापकहरू हाम्रा लागि स्मरणीय र आदरणीय व्यक्ति हुन् ।


तत्कालीन जि.शि.अ.द्वारा विव्यस अध्यक्षलाई सम्मान गरिँदै

विद्यालय बनाउन सर्वप्रथम घडेरी चाहिन्छ । घडेरी सँगसँगै भवन, शिक्षक र पढ्ने विद्यार्थी चाहिन्छ । विद्यालयलाई घडेरी दिने घडेरीदातालाई महान हुन् । उहँहरूलाई सबैले आदरसत्कार गर्नुपर्दछ । विद्यालयमा संस्थापक र घडेरीदाताको फोटो राखिएको हुन्छ । उहाँहरूलाई विद्यालयका उज्ज्वल नक्षत्रका रूपमा मानिन्छ ।

विद्यालयको व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिको हुन्छ । विद्यालय व्यवस्थापन समितिमा अध्यक्षलगायत सदस्य हुन्छन् । त्यस्तै विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न शिक्षक अभिभावक सङ्घको पनि व्यवस्था हुन्छ । उक्त समितिमा पनि अध्यक्ष र सदस्य हुन्छन् ।

विद्यालयमा प्रधानाध्यापक र अन्य शिक्षक हुन्छन् । शिक्षकले सधैँ मेहनत गरेर विद्यार्थीलाई अँध्यारो हटाई उज्यालोतर्फ अघि बढ्ने ज्ञान, सिप र प्रेरणा दिनुहुन्छ

। त्यसैले शिक्षक समाजको पुज्यनीय नागरिक हुन् । साथै विद्यालयमा कर्मचारीको पनि व्यवस्था हुन्छ । विद्यालय कर्मचारी विद्यालयको सेवामा सधैँ तल्लीन रहने हुँदा उहाँहरू पनि सबैको स्मरणमा आईरहनु हुन्छ ।

उत्तर लेखौँ :

(अ) विद्यालयका उज्वल नक्षत्रका रूपमा कसलाई चिनिन्छ ?

उत्तर :

(अ) विद्यालयलाई व्यवस्थापन र सञ्चालन गर्ने जिम्मेवारी कस्को हुन्छ ?

उत्तर :

(इ) शिक्षकलाई किन पुजनीय व्यक्ति मानिन्छ ?

उत्तर :

## परियोजना कार्य :

(अ) तपाईंको विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीको विवरण कक्षा शिक्षकको सहयोगमा तयार पार्नुहोस् ।

विद्यालयको नाम : ......................................   ठेगाना : ..................

| क्र.सं. | पद | नाम,थर |
|---|---|---|
| १. | प्रधानाध्यापक | |
| २. | शिक्षक | |

| | | |
|---|---|---|
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |
| ७. | | |

(आ) तपाइँको विद्यालयका सँस्थापक, घडेरीदाताको विवरण शिक्षकको सहयोगमा तयार पार्नुहोस् ।

विद्यालयको नाम : ..................................... ठेगाना : ....................

| क्र.स. | योगदान | नाम, थर |
|---|---|---|
| १. | संस्थापक | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | घडेरीदाता | |
| ६. | | |
| ७. | | |

(इ) तपाईंको विद्यालयको विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष र वर्तमान अध्यक्ष साथै शिक्षक अभिभावक सङ्घका अध्यक्षको विवरण शिक्षकको सहयोगमा तयार पार्नुहोस् ।

विद्यालयको नाम : .................................... ठेगाना : ...................


| क्र.स. | पद | नाम,थर |
|---|---|---|
| १. | वि.व्य.स. पूर्व अध्यक्ष | |
| २. | वि.व्य.स. वर्तमान अध्यक्ष | |
| ३. | शि.अ.सङ्घ अध्यक्ष | |

## चित्र हेरी छलफल गरौँ :





# थिम ६ : स्थानीय पूर्वाधार, जनशक्ति विकास तथा सूचना प्रविधि



**सिकाइ उपलब्धि :**

- स्थानीय स्तरका महत्त्वपूर्ण भवन, यातायात, सञ्चार र पर्यटन पूर्वाधारहरू पहिचान गर्न,
- सुरक्षित पूर्वाधारको महत्त्व बताउन,
- आफ्नो परिवारका सदस्यहरू र विद्यालयको सम्पर्क नम्बर बताउन,

**जम्मा कार्यघण्टा :** २०

# पाठ १ : हाम्रा स्थानीय पूर्वाधारहरू

**तलका चित्र हेरौँ, चिनौँ र छलफल गरौँ :**















माथिका चित्रमा विभिन्न क्षेत्रका पूर्वाधारहरू देखाइएको छ । ती पूर्वाधारको नाम कक्षामा सुनाउनुहोस् र तिनीहरू कुन कुन क्षेत्रका पूर्वाधारहरू हुन्, छलफल गर्नुहोस् ।

### पढौँ र बुझौँ :

पबिना भोजपुर बजारमा बस्छिन् । केही वर्ष अघिसम्म उनको छिमेकका घरहरू कच्ची थिए । आजभोलि धेरै पक्की घरहरू बन्दैछन् । विद्यालयबाट उनी एउटा कार्यक्रममा भोजपुर नगरपालिका गएकी थिइन् । त्यहाँको ठूलो सभाहल देखेर उनी



छक्क परिन् । उनले पढ्ने विद्यालयमा पनि अहिले पक्की भवन बनेको छ । यस्ता अरु पनि थुप्रै भवन पूर्वाधारहरू उनको घर वरपर बनिरहेका छन् ।



काठमाडौँबाट पबिनाका मामा भोजपुर आउँदा उनी मामालाई लिन उनका बाबासँगै टक्सार विमानस्थल गएकी थिइन् । यसअघि उनले नजिकबाट हवाइजहाज देखेकी थिइनन् । विमानस्थलसम्म जाने कालोपत्रे बाटोमा सरर यात्रा गर्दा उनी दङ्ग परिन् । उनको घर नजिकको बाटो चाहिँ कच्ची छ । पबिनाका बाबाले सडक, विमानस्थल, बसपार्क आदि यातायातका पूर्वाधार हुन् भनेर उनलाई बताउनुभयो ।



यातायातको सुविधा भएपछि आजकल भोजपुरमा पर्यटकहरू पनि आउन थालेका छन् । उनीहरूका लागि सुविधासम्पन्न होटल र होमस्टेहरू पनि उनको घर वरपर बन्दैछन् । अस्ति भर्खरै पबिना र उनको कक्षाका साथीहरू विद्यालयबाट पिकनिक खान सुन्तले गएका थिए । त्यस बेला उनले मानिस हिड्ने सुन्दर बाटो देखिन् । गुरुआमाले त्यो त भर्खरै बनेका मुन्धुम पदमार्ग हो भनेर उनलाई बताइदिनुभयो । ठूली भएर त्यो पदमार्गमा यात्रा गर्ने उनले सोचिसकेकी छिन् ।

नेपाल टेलिकमका प्राविधिकहरू अस्ति भर्खरै पबिनाका घरमा इन्टरनेट जडान गर्न आएका थिए । अहिले उनी आफ्नो गृहकार्य सकेर आमाको मोबाइलमा आफूलाई मन पर्ने कार्टुन हेर्छिन् । विदेशमा हुने दाजुसँग कुरा गर्न पनि अचेल सजिलो भएको छ । भोजपुर बजारमा एउटा रेडियो स्टेसन पनि छ । त्यो रेडियोबाट प्रसारण हुने कार्यक्रम सुन्न पनि उनी खुब मन पराउँछिन् । रेडियो स्टेसन, टेलिफोन टावर, फाइबर इन्टरनेट जस्ता सञ्चार क्षेत्रका पूर्वाधारहरू पबिनाका टोलमा छन् ।

## अभ्यास गरौँ :

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) पबिनाका छिमेकमा आजभोलि कस्ता घरहरू बन्दैछन् ?

उत्तर :

(ख) पबिनाले कहाँ जाँदा नजिकबाट हवाइजहाज देखिन् ?

उत्तर :

(ग) पिकनिक खान सुन्तले जाँदा पबिनाले के देखिन् ?

उत्तर :

(घ) भोजपुर नगरपालिकामा भएका सञ्चारका कुनै दुई पूर्वाधार लेख्नुहोस् ।

उत्तर : .............................. ..............................

### २. ठिक बेठिक छुट्याउनुहोस् :

(क) पबिनाका मामा भोजपुरमा बस्नुहुन्छ ।

(ख) भोजपुर नगरपालिकामा ठूलो सभाहल छ ।

(ग) सडक, विमानस्थल, बसपार्क आदि यातायातका पूर्वाधार हुन् ।

(घ) सुन्तलेमा मानिस हिड्ने मुन्धुम पदमार्ग भेटिन्छ ।

(ङ) पबिनाको घरमा इन्टरनेट जडान गरिएको छैन ।

३. तल दिइएका पूर्वाधारहरू कुन क्षेत्रका हुन्, जोडा मिलाउनुहोस् :

| | | |
|---|---|---|
| विमानस्थल | भवन | टेलिफोन टावर |
| रेडियो स्टेसन | यातायात | पदमार्ग |
| सभाहल | सञ्चार | सडक |
| होमस्टे | पर्यटन | पक्की घर |
| बसपार्क | | होटेल |

४. कक्षामा छलफल गरी तपाईँको विद्यालय वरपर रहेका विभिन्न पूर्वाधारका नाम तलको तालिकामा भर्नुहोस् :

| पूर्वाधारका क्षेत्र | पूर्वाधारका नाम |
|---|---|
| भवन | |
| यातायात | |
| सञ्चार | |
| पर्यटन | |

५. माथिको तालिकामा तपाईँले उल्लेख गरेको कुनै एक पूर्वाधारको चित्र बनाई रङ भर्नुहोस् ।

## पाठ २ : सुरक्षित पूर्वाधारको महत्त्व

**तलका चित्र हेरौँ, बुझौँ र छलफल गरौँ :**





माथिका चित्रमा के भएको छ ? शिक्षकलाई सुनाउनुहोस् । यस्ता अवस्थाबाट बच्न हामीले कस्ता सावधानी अपनाउनु पर्ला ? कक्षाका साथीहरूसँग छलफल गर्नुहोस् ।

**सुरक्षित पूर्वाधारको महत्त्वका बारेमा पेम्बा तामाङले विद्यालयको प्रार्थना सभामा दिएको वक्तृता पढौँ र दिइएका अभ्यास गरौँ :**



आदरणीय प्रधानाध्यापकज्यू, गुरुवर्ग एवम् मेरा प्याराप्यारा साथीहरू,

आज म सुरक्षित पूर्वाधारको महत्त्वका बारेमा केही कुरा राख्दैछु ।

कुनै पनि ठाउँमा रहेका बाटोघाटो, भवन, पुल आदिलाई त्यस ठाउँको पूर्वाधार भनिन्छ । हाम्रो सुरक्षित जीवनका लागि हाम्रा पूर्वाधारहरू पनि सुरक्षित हुनुपर्छ । सबैभन्दा पहिले हामी बस्ने घर सुरक्षित हुनुपर्छ । त्यसका लागि हामीले घर बनाउँदा बाढी पहिरोले नभेट्ने ठाउँमा र

भूकम्पमा नभत्कने गरी बनाउनुपर्छ । हावा, पानी, आगलागी र हिमपातबाट बच्ने गरी घर बनाउनुपर्छ ।

त्यसैगरी हाम्रा बाटाघाटा पनि सुरक्षित हुनुपर्छ । सडकमा पैदलयात्रीका लागि सडकपेटीको व्यवस्था हुनुपर्छ । ठाउँठाउँमा बाटो काट्नका लागि जेब्राक्रस बनाउनुपर्छ । सवारी चालक र पैदलयात्री दुवैले सडक नियमको पालना गर्नुपर्छ । हामीले दैनिक रुपमा सुन्ने सडक दुर्घटनाका खबरहरू धेरैजसो असुरक्षित सडक पूर्वाधारकै कारणले भएका हुन् ।

त्यसैले हामी बस्ने घर, हिड्ने बाटो, विद्यालय, खेलमैदान आदि जस्ता सम्पूर्ण पूर्वाधारहरू सुरक्षित र बलियो गरी बनाउनुपर्छ । असुरक्षित पूर्वाधारका कारण हामी घाइते हुनसक्छौँ । यसै कारण हाम्रो अङ्गभङ्ग वा मृत्युसमेत हुनसक्छ । यति भन्दै मेरो छोटो भनाइ यहीँ अन्त्य गर्छु । धन्यवाद ।

## अभ्यास गरौँ :

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) पेम्बा तामाङ के विषयमा बोल्दैछन् ?

उत्तर :

(ख) हामीले घर बनाउँदा कसरी बनाउनु पर्छ ?

उत्तर :

(ग) व्यस्त सडकमा कहाँबाट बाटो काट्नुपर्छ ?

उत्तर :

(घ) असुरक्षित पूर्वाधारका कारण हामीलाई कस्तो असर पर्नसक्छ ?

उत्तर :

२. शिक्षक र साथीहरूसँग मिलेर विद्यालयका भवनहरू अवलोकन गर्नुहोस् र सुरक्षित भए नभएको छलफल गर्नुहोस् । तपाईंको विद्यालयलाई अझ सुरक्षित बनाउन के के गर्नुपर्ला ? कक्षामा सुनाउनुहोस् ।

३. तलका चित्रहरू अवलोकन गर्नुहोस् र ती पूर्वाधारहरू सुरक्षित भए नभएको बारे साथीहरूसँग छलफल गर्नुहोस् :









४. सुरक्षित पूर्वाधार निर्माणका लागि के के गर्नुपर्ला ? समूहमा छलफल गरी लेख्नुहोस् ।

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

..................................................................................

## पाठ ३ : विद्यालयमा फोन गरौँ

**तलको चित्र हेरी छलफल गरौँ :**



१. माथिको चित्रमा के देख्नुभयो ?

२. तपाईँले पनि मोबाइल फोन प्रयोग गर्नुभएको होला । मोबाइल तपाईँले केके कामका लागि प्रयोग गर्नुभएको छ ? तलको तालिकामा लेख्नुहोस् :

| |
|---|
| |
| |
| |
| |
| |

३. लामो समय मोबाइल फोन चलाउँदा हामीलाई के हुन्छ होला ? कक्षामा छलफल गर्नुहोस् ।

४. तपाइँ कुनै अपर्झट काम परेर वा बिरामी भएर विद्यालय जान नसक्दा शिक्षकलाई फोन गर्नुहुन्छ ? कक्षामा सुनाउनुहोस् ।

## तलको कुराकानी पढौँ :

सुरक्षा कक्षा ३ मा पढ्छिन् । भोलि सुरक्षाका काकाको बिहे छ । घरमा बिहेको रमझम चलिरहेकाले सुरक्षालाई विद्यालय जान मन छैन । उनी आफ्ना बुबालाई विद्यालयमा फोन गरेर बिदा मागिदिन भन्दैछिन् ।

सुरक्षा : बाबा, स्कुलमा फोन गरेर बिदा मागिदिनोस् न ।

बुबा : मसँग तिम्रो विद्यालयको फोन नम्बर त छैन । कसरी बिदा माग्नु ?

सुरक्षा : मलाई हाम्रो कक्षा शिक्षकको नम्बर थाहा छ नि ! त्यही नम्बरमा फोन गरिदिनोस् न ।

बुबा : तिमीलाई नम्बर थाहा छ भने तिमी आफैँ फोन गर न । भित्र कोठामा छ मेरो मोबाइल । जाऊ फोन गरेर बिदा माग ।

सुरक्षा : हवस् बाबा ।

(सुरक्षाले मोबाइल ल्याउँछिन र नम्बर डायल गर्छिन्)

शिक्षक : हेल्लो, नमस्कार । को बोल्नु भयो होला ?

सुरक्षा : नमस्कार गुरुआमा । म सुरक्षा बोलेकी । भोलि मेरो काकाको बिहे छ, त्यसैले तीन दिनका लागि बिदा माग्न फोन गरेकी ।

शिक्षक : ए, हुन्छ नि । अब घरमै काकाको बिहे भएपछि एकदुई दिन त रमाइलो गर्नै पऱ्यो नि ।

सुरक्षा : हो नि गुरुआमा । बाबाले तपाईँहरूलाई पनि बिहेमा निम्ता गरेको छु भन्दै हुनुहुन्थ्यो, पर्सीको बिहेभोजमा सबैजना सरमिसहरू आउनुपर्छ नि ।

शिक्षक : हुन्छ सुरक्षा, हामी आउछौँ नि ।

सुरक्षा : हवस् गुरुआमा । अहिलेलाई फोन राख्छु है ।

शिक्षक : हुन्छ, बाइबाइ !

## अभ्यास गरौँ :

### १. ठिक बेठिक छुट्याउनुहोस् :

(क) सुरक्षा बिरामी भएर विद्यालय जान नसकेकी हुन् ।

(ख) सुरक्षालाई विद्यालयको फोन नम्बर थाहा छ ।

(ग) बुबाको मोबाइलबाट सुरक्षाले विद्यालयमा फोन गरिन् ।

(घ) सुरक्षाले दुई दिनका लागि बिदा मागिन् ।

(ङ) बिहेमा विद्यालयका शिक्षकहरूलाई पनि निम्तो गरिएको छ ।

### २. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) सुरक्षालाई किन विद्यालय जान मन लागेको छैन ?

उत्तर :

(ख) बिदा माग्न कसले विद्यालयमा फोन गऱ्यो ?

उत्तर :

(ग) सुरक्षाले मागेको बिदा पाइन् कि पाइनन् ?

उत्तर :

(घ) बिहेको भोज कहिले छ ?

उत्तर :

### ३. तपाईंको घर परिवारमा कोकोसँग फोन नम्बर छ ? तलको तालिकामा भर्नुहोस् र फोन नम्बर याद गर्नुहोस् :

| नाम | नाता | फोन नम्बर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

४. कक्षामा छलफल गरी तपाईंको विद्यालय, प्रधानाध्यापक र कक्षा शिक्षकको फोन नम्बर जम्मा गर्नुहोस् र कक्षामा कसले छिटो याद गर्नसक्छ, हेर्नुहोस् ।

| | |
|---|---|
| विद्यालयको फोन नम्बर | |
| प्रधानाध्यापकको फोन नम्बर | |
| कक्षा शिक्षकको फोन नम्बर | |

५. चित्रमा दिइएका सञ्चारका माध्यमहरू चिन्नुहोस् र कुनै एकको सफा चित्र बनाउनुहोस् :



# थिम ७. प्रकोप तथा बिपद् व्यवस्थापन





**सिकाइ उपलब्धि :**

- आफू बसेको क्षेत्रमा हुने बिपद्का कारणहरू पहिचान गर्न,
- बिपद्बाट हुने धनजनको क्षति बताउन,
- आफ्नो वरिपरि घट्नसक्ने बिपद् तथा जोखिमबाट सुरक्षित रहने उपायहरूको अवलम्बन गर्न,
- सुरक्षित बासस्थान र सुरक्षित विद्यालय चिन्न,

**जम्मा कार्यघण्टा :** १६

# पाठ १ : बिपद्का कारण र क्षतिबारे बुझौँ

**तलका चित्र हेरी छलफल गरौँ :**









**१. माथिका चित्रमा कस्ता प्रकारका बिपद्हरू देखाइएका छन् ?**

**२. तलका बिपद्का कारणहरू कक्षामा छलफल गर्नुहोस् :**

भूकम्प

पहिरो

आगलागी

## शिक्षकसँगै पढौँ

बाढीपहिरो, भूकम्प, रोगको महामारी, आगलागी, सडक दुर्घटना आदिका कारण आपतकालीन अवस्था सिर्जना भई जनधनको क्षति हुनु वा जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्नु नै बिपद् हो । हाम्रो दैनिक जीवनमा विभिन्न बिपद्हरू जुनसुकै बेला आइपर्न सक्छन् । बिपद् दुई किसिमका हुन्छन् :



१. प्राकृतिक बिपद्

२. मानव सिर्जित बिपद्

प्रकृतिका कारणबाट हुने प्रकोपलाई प्राकृतिक विपत्ति वा बिपद् भनिन्छ । बाढी, पहिरो, असिना, हिमपात, हुरीबतास, अतिवृष्टि, अनावृष्टि, खडेरी, चट्याङ, भुइँचालो आदि प्राकृतिक बिपद् हुन् । प्राकृतिक कारणबाट नभई मानिसको लापरवाही वा असावधानीका कारणबाट आइपर्ने विपत्ति मानव सिर्जित विपत्ति वा बिपद् हुन । औद्योगिक दुर्घटना, हवाई एवम सडक दुर्घटना, कुपोषण तथा विषालु खानाबाट हुने असर, आगलागी, रोगको महामारी आदि मानव सिर्जित बिपद् हुन् ।



प्रकोप तथा बिपद्का कारण हामीलाई ठूलो क्षति हुनसक्छ । बिपद्का कारण हामी बसेको घर भत्कनसक्छ । हाम्रो धन सम्पत्ति नास हुनसक्छ । बिपद्का कारण धेरै मानिसहरू घाइते हुने, बिरामी हुने वा मृत्युसमेत हुनसक्छ । त्यसैले हामीले बिपद्बाट बच्न सावधानी अपनाउनुपर्छ । हाम्रो गाउँटोलमा कोही बिपद्मा परेका भएमा सक्दो सहयोग गर्नुपर्छ ।

## अभ्यास गरौँ :

### १. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) बिपद् भनेको के हो ?

उत्तर :

(ख) बिपद्का प्रकार लेख्नुहोस् ।

उत्तर : ........................................ ....................................

(ग) प्राकृतिक बिपद् केको कारणले आउँछ ?

उत्तर :

(घ) मानव सिर्जित बिपद्का दुईवटा उदाहरण लेख्नुहोस् ।

उत्तर :

(ङ) बिपद्का कारण हुने कुनै दुईवटा क्षति लेख्नुहोस् ।

उत्तर :

### २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

**(प्राकृतिक, आपतकालीन, सहयोग, दुई, मृत्यु)**

(क) बिपद्ले ........................ अवस्थाको सिर्जना गर्छ ।

(ख) मुख्य रुपमा बिपद् ...................... प्रकारका हुन्छन् ।

(ग) हुरीबतास, चट्याङ, भूकम्प आदि ..................... बिपद् हुन् ।

(घ) विभिन्न बिपद्मा परी मानिसको ................. पनि हुन सक्छ ।

(ङ) बिपद्मा परेका मानिसलाई हामीले सकेको ................. गर्नुपर्छ ।

**३. तपाईंले भर्खरै भोगेको वा सुनेको बिपद्को घटना कक्षामा सुनाउनुहोस् ।**

**४. तलका बिपद्हरू प्राकृतिक वा मानव सिर्जित के हुन् ? तालिकामा भर्नुहोस्:**

विषालु च्याउको असर, बाढी, असिना, आगलागी, हिमपात, हुरीबतास, हवाई दुर्घटना, अतिवृष्टि, अनावृष्टि, कोरोना महामारी, खडेरी, सडक दुर्घटना, चट्याङ, भुइँचालो, विद्युतीय दुर्घटना, पहिरो

| प्राकृतिक बिपद् | मानव सिर्जित बिपद् |
|---|---|
| | |

**५. तलको तालिकामा तपाईंले भोगेका वा देखेका कुनै तीनवटा बिपद्का नाम लेखी ती बिपद्का असरहरू कक्षामा छलफल गरी लेख्नुहोस् ।**

| बिपद्का नाम | बिपद्का असर |
|---|---|
| १. | |
| २. | |
| ३. | |

# पाठ २ : बिपद् सुरक्षाबारे बुझौँ

**तलका चित्र हेरौँ, चिनौँ र छलफल गरौँ :**













१. माथिका चित्रमा कस्ता बिपद् देखाइएका छन् ? कक्षामा छलफल गर्नुहोस् ।

२. माथिका चित्रबाट कुनै एक बिपद् छान्नुहोस् र त्यस बिपद्बाट बच्न अपनाउनुपर्ने कुनै दुई उपाय लेख्नुहोस् ।

**सुरक्षित हुने उपायहरूका बारेमा साम्युमा र लाक्पा बिचको संवाद पढौँ :**

(विद्यालयको खाजा समय पछिको खाली समयमा साम्युमा र लाक्पा विद्यालयको चौरमा कुरा गर्दैछन् ।)

साम्युमा : लाक्पा, तिमी हिजो किन विद्यालय नआएको ?

लाक्पा : विद्यालय आउन भनेर ठिक त हुँदैथिएँ नि, एक्कासी आमा बाथरुममा चिप्लिएर लड्नुभयो । त्यसैले विद्यालय आउनै पाइन ।

साम्युमा : ओहो, आमा सारै गरी लड्नुभयो कि के हो ?

लाक्पा : त्यति धेरै सारै त हैन, घुँडामा हल्का चोट लागेको छ ।

साम्युमा : ए धन्न केही भएन छ । हामी होसियार भएनौँ भने जहाँ जहिले पनि दुर्घटनामा पर्न सक्छौँ नि । घरमा, बाटोमा वा विद्यालय जहाँसुकै हामीले होसियारी अपनाउनुपर्छ ।

लाक्पा : हो नि । आगोसँग नखेल्ने, धारिला हतियारहरू नचलाउने, बिजुलीका तारहरू नछुने, झ्यालको छेउमा नखेल्ने जस्ता होसियारी अपनाइयो भने घरमा हुने दुर्घटनाहरूबाट बच्न सकिन्छ भनेर अस्ति गुरुआमाले भन्नुभएको तिमीले भुलेकी छैनौ नि ?

साम्युमा : कहाँ भुल्नु नि ! त्यति मात्र कहाँ हो र, हामीले भऱ्याङ, सिँढी वा बाथरुममा हिँड्दा पनि त होसियारी अपनाउनु पर्छ नि ।

लाक्पा : तिमीले ठिक भन्यौ । बाटोमा चाहीँ हामीले कस्तो सावधानी अपनाउने होला ? तिमीलाई थाहा छ भने मलाई बताइदेऊ न ।

साम्युमा : भईहाल्छ नि ! हामीले जहिले पनि सडक किनारा वा पेटीबाट हिँड्नुपर्छ । बाटो काट्दा सडकको दुवैतिर हेरेर बिस्तारै काट्नुपर्छ । बाटोमा हिलो, धुलो वा अन्य दुर्घटना गराउने वस्तुबाट बचेर हिँड्नु पर्छ नि ।

लाक्पा : विद्यालयमा अपनाउने सुरक्षाका उपायहरू त मलाई पनि थाहा छ ।

साम्युमा : लौ भन त ।

लाक्पा : हामीले डेस्कमाथि नहिँड्ने, बिजुलीका तारहरू नछुने, पानीको धारा चर्पी वा भऱ्याङमा हिँड्दा होसियारी अपनाउने, खेलमैदानमा खालीखुट्टा नखेल्ने, पालैपालो कक्षाकोठामा पस्ने र निस्कने । यस्तै हैन त ?

साम्युमा : तिमीले ठिक भन्यौ । यस्ता कुरा हामीलाई थाहा भएर मात्र हुँदैन, व्यवहारमा पनि लागू गर्नुपर्छ नि ।

(खाजा समय सकिएको घण्टी बज्छ )

लाक्पा : लौ घण्टी पनि बज्यो । अब कक्षामा जाऔँ ।

साम्युमा : हुन्छ जाऔँ ।

## अभ्यास गरौँ :

### १. तलका प्रश्नको उत्तर दिनुहोस् :

(क) साम्युमा र लाक्पा कहाँ कुरा गर्दैछन् ?

उत्तर :

(ख) लाक्पाकी आमा के भएर लड्नुभयो ?

उत्तर :

(ग) झ्यालको छेउमा खेल्यो भने के हुन्छ होला ?

उत्तर :

(घ) हामीले कसरी बाटो काट्नु पर्छ ?

उत्तर :

(ङ) हामीले सुरक्षासम्बन्धी कुराहरू थाहा पाएपछि के गर्नुपर्छ ?

उत्तर :

## २. घरमा, विद्यालयमा र बाटोमा अपनाउनुपर्ने सुरक्षाका उपायहरू तलको तालिकामा लेख्नुहोस् :

| ठाउँ | सुरक्षाका उपायहरू |
|---|---|
| घर | |
| विद्यालय | |
| बाटो | |

## ३. तलको समाचार पढ्नुहोस् र के बुझ्नुभयो कक्षामा सुनाउनुहोस् ।

### भोजपुरमा जंगली च्याउ खाँदा १ जनाको मृत्यु, ५ बिरामी

जेष्ठ २४, २०७९

<u>कान्तिपुर संवाददाता</u>

भोजपुर – भोजपुरमा जंगली च्याउ खाँदा एक जनाको मृत्यु भएको छ । जंगली च्याउ खाँदा भोजपुरको हतुवागढी गाउँपालिका वडा नं. ३ बस्ने आशकुमार राईकी पाँच वर्षीया छोरी कृति राईको मृत्यु भएको हो ।

च्याउ खाएको केही समयपछि रिँगटा लाग्न सुरु भएपछि प्राथमिक स्वास्थ्य केन्द्र घोरेटारमा उपचारका लागि लगिएको र उपचारकै क्रममा बालिकाको मृत्यु भएको प्रहरी निरीक्षक नितेशकुमार सिंहले बताए ।

च्याउ खाएर बिरामी परेका ५ जनाको भने उपचार भइरहेको छ । ४३ वर्षीय आशकुमार राई, ३८ वर्षीया धनकुमारी राई, २० वर्षीया योगिता राई, ८ वर्षीया सुमित्रा राई र ३ वर्षीया सृष्टि राईको हतुवागढी गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र घोरेटारमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ । उनीहरूको अवस्था सामान्य रहेको प्रहरीले जानकारी दिएको छ ।

# थिम ८ : स्थानीय नैतिक मूल्य मान्यता







**सिकाइ उपलब्धि :**

- आफ्नो समुदायको विविधता बारे जानकारी प्राप्त गरी उक्त विविधताको सम्मान गर्न,
- आफ्नो समुदायमा पालन गर्नुपर्ने आचरणबारे जानकारी प्राप्त गरी दैनिक जीवनमा अवलम्बन गर्न,
- मानिसमा हुनुपर्ने सदगुणहरूको जानकारी प्राप्त गरी वैयक्तिक जीवनमा अनुसरण गर्न ।

**पाठ्यघण्टा :** १४

# पाठ १ : सम्मान गरौँ

## पढौँ र जानौँ :

नेपाल विविधतायुक्त देश हो । नेपालको विविधता हाम्रो चिनारी हो । समाज बनावटको विशेषता विविधता बिचको एकता हो । समाजमा बसोबास गर्ने मानिसले सामाजिक नियमलाई आत्मसात गर्नुपर्दछ । नेपाली उखान नै छ, " एकता नै बल हो" । मानिस सामाजिक प्राणी भएकोले समाजमा चलेका प्रचलनलाई ध्यान दिएर अघि बढ्नु सबैको कर्तव्य हो ।



प्रत्येक व्यक्ति फरक भाषा, धर्म, संस्कृतिमा रमाइरहेका हुन्छन् । सबैको मौलिक पहिचानको सम्मान हुनुपर्दछ । मौलिक पहिचान नै समाजका वास्तविक प्रतिबिम्ब हो । सबैले एक आपसमा सद्भाव र सम्मान गर्नुपर्दछ ।



समाजको मौलिक संस्कारलाई सबैले मान्नु पर्दछ । आफ्नो संस्कारलाई ग्रहण गरी अरूको संस्कारलाई सद्भाव देखाउनु पर्दछ । बालबालिकाले आफ्ना जातिगत भाषा, संस्कारप्रति अभ्यस्त हुँदै जानु पर्दछ । हामीले घरबाट सिकेका संस्कारले समुदाय, समाज हुँदै विश्व परिवेशसम्म प्रभाव पार्दछ । असल संस्कारको विकास गर्न शिक्षालाई जोड दिइएको छ । सबैमा असल संस्कारको विकास हुनसके विश्वमा शान्ति र सुव्यवस्था सहज भई मानवता अझ फराकिलो हुन जान्छ ।

## ठिक र बेठिक छुट्याऔँ :

(अ) नेपाल विविधतायुक्त देश हो । ( )

(आ) मानिसले सामाजिक नियमलाई आत्मसात गर्नुपर्छ । ( )

(इ) सबैले एक आपसमा सद्भाव र सम्मान गर्नुपर्छ । ( )

(ई) हामीले घरबाट सिकेका सँस्कार आफैँमा मात्र सीमित हुन्छ । ( )

## उत्तर लेखौँ :

(अ) हाम्रा चिनारी के हो ?

उत्तर :

(आ) "एकता नै बल हो" भन्ने भनाइको अर्थ लेख्नुहोस् ।

उत्तर :

(इ) समाजका वास्तविक प्रतिबिम्ब भनेको के हो ?

उत्तर :

(ई) मानवता भन्नाले के बुझिन्छ ?

उत्तर :

## चित्र हेरौँ र शिक्षकको सहायतामा वर्णन गरौँ :

(अ)



(आ)



(इ)



(इ)



## सामुदायिक कार्य :

तपाइँको घरपरिवारमा रहेका सामाजिक संस्कार बारेमा अभिभावकलाई सोधेर एक अनुच्छेद लेखेर ल्याउनुहोस् ।

# पाठ २ : असल बन्न सिकौँ

## पढौँ र जानौँ :

हामी सबैको लक्ष्य काममा सफल हुनु हो । सबै मानिस सधैँ सफल हुँदैनन् । व्यक्ति, समाज र राष्ट्रको सफलताको मुख्य आधार असल व्यवहार हो । असल व्यवहारको कारणले नै मानिसले आफ्नो कर्तव्य र दायित्व निर्वाह गरिरहेको हुन्छ ।



समाजमा बसोबास गर्ने विभिन्न जातजाति एकताको सूत्रमा आबद्ध छन् । स्थानीय स्तरमा मानिसका आवश्यकता धान्न ऐँचोपैँचो, सरसापटी, अर्मपर्म जस्ता व्यावहारिक चलन चलाएका हुन् ।

हामीले समाजमा अरुको नराम्रो कुरा नगर्ने, असल व्यवहार गर्ने, मद्यपान र धुम्रपानको सेवन नगर्ने, असल व्यक्तिको सङ्गत गर्ने, बरालिएर नहिड्ने, फुर्सदको समयमा सिर्जनशील कामहरू गर्नुपर्छ भनी पूर्वजबाट सिकेका असल पाठ सिक्नुपर्छ । ती असल पाठको सबैले पालना गरेमा व्यक्ति, समाज र राष्ट्रको उन्नति, प्रगति हुन्छ ।

## खाली ठाउँ भरौँ :

(सुत्रमा, संस्कार, सामाजिक, असल व्यक्तिको सङ्गत गर्ने )

(अ) मानिस ...............प्राणी हो ।

(आ) समाजमा बसोबास गर्ने विभिन्न जातजाति एकताको.........आबद्ध छन् ।

(इ) पूर्वजबाट सिकेका असल पाठ ..................... हो ।

(ई) अरूलाई हानी हुने काम नगर्नु हाम्रो असल .................हो ।

**उत्तर लेखौँ :**

(अ) हाम्रा चिनारी के हो ?

उत्तर :

(आ) हाम्रा समाजका व्यावहारिक चलन के के छन् ?

उत्तर :

(इ) हामीले पालना गर्नुपर्ने असल पाठ के के छन् ?

उत्तर :

(ई) तपाईँका असल बानीहरू बुँदागत रुपमा लेख्नुहोस् ।

उत्तर :

## चित्र हेरौँ, छलफल गरौँ र असल बानी सिकौँ :

(अ)



(आ)



(इ)



(ई)



# पाठ ३ : सफलताको सूत्र

## सफलता १

एउटा गाउँमा दुई दाजुभाइ थिए । ती दाजुभाइ साह्रै मेहनती थिए । उनीहरू कक्षामा प्रथम र दोस्रो हुन्थे । कक्षामा पढाएको बेला सुन्ने, हेर्ने र नबुझेको शिक्षकलाई जिज्ञासा राख्दथे । उनीहरूले जब एस.एल.सी. पास गरे तब दुवै जना सहरमा पढ्न गए । घरको आर्थिक अवस्था कमजोर भएकाले खर्चको कठिनाइ हुन थाल्यो । उनीहरू दुवैले कामको खोजी गरे र दुवै अब्बल दर्जाका भएकाले निजी कम्पनीले काम दिए । उनीहरू एक समय काम र अर्को समयमा पढ्ने गर्दथे । लगभग पाँच वर्षपछि दुवैले स्नातक उत्तीर्ण गरे ।

शिक्षक सेवा आयोगले विज्ञापन खोल्यो । दुवैले आवेदन दिए । उनीहरू परीक्षा पास पनि भए । उनीहरूको मेहनतका कारण दुवै दाजुभाइ पास भएका हुन् । तीमध्ये एकजना अङ्ग्रेजी विषय र अर्को जना गणित विषयका माध्यमिक तहका शिक्षक हुन सफल भए । अहिले उनीहरू गाउँकै माध्यमिक विद्यालयमा पढाउँछन् । उनीहरूका बुबाआमा पनि धेरै खुशी हुनुहुन्छ । गाउँ र जिल्लामा नै उनीहरूको चर्चा हुन्छ । सबैले सफलताको उदाहरण ती दाजुभाइ कै दिन्छन् । आजभोलि सबैले भन्ने गर्दछन् कि सानैबाट पढ्ने र सकेको काम सँगै गर्ने बच्चाहरू नै सफलतामा पुग्दा रहेछन् ।

## सफलता २

सहरको एउटा परिवारमा लगनशील दिदीबहिनी थिए । उनीहरू सानैबाट कक्षामा सबैभन्दा उत्कृष्ट हुँदै उत्तीर्ण भए । उनीहरू घरको भान्साका काम मिलेर गर्दथे । कक्षा ५ को नगरस्तरीय परीक्षामा बराबरी जिपिएमा उत्तीर्ण भए

। जब उनीहरूले एस.इ.इ.को परीक्षा दिए र नतिजा राम्रो आयो जब उनीहरूले कक्षा ११, १२ लगायत स्नातक पनि राम्ररी पढे । अहिले दुवैजना जिल्लाकै सरकारी बैङ्कमा नोकरी गर्दछन् ।

मानिसमा सफलता प्राप्त गर्न निरन्तर मेहनत र साधना चाहिन्छ । सबैमा सफलताको सम्भावना रहन्छ । ती सम्भावनालाई पूरा गर्न अवसर, मेहनत, लगनशीलता, धैर्यता र दृढ प्रतिज्ञा हुनुपर्दछ ।

## उत्तर लेखौँ :

(अ) दाजुभाइ कुनकुन विषयका शिक्षक भए लेख्नुहोस् ।

उत्तर :

(आ) दिदी बहिनी कहाँ नोकरी गर्दछन् ?

उत्तर :

(इ) सफल हुन के के खाँचो पर्दछ ?

उत्तर :

## परियोजना कार्य :

तपाईंको भविष्यमा के बन्ने लक्ष्य छ ? र ती लक्ष्यमा पुग्ने तपाईंको योजना केके छन् ? घरबाट लेखेर ल्याउनुहोस् ।

## चित्र हेरौँ र त्यसका बारेमा लेखौँ :

(अ)




(आ)



(इ)



(ई)



(उ)



(ऊ)

